बुचुङ तामाङ
BUCHUNG TAMANG
अध्यक्ष
CHAIR PERSON

आमाछोदिङमो गाउँपालिका
गोल्जुङबेसी, रसुवा
Aamachhodingmo Rural Municipality
Goljungbensi, Rasuwa

**मन्तव्य**

गाउँपालिकाको समग्र शैक्षिक रूपान्तरणको दिशामा मार्गनिर्देशकको रूपमा यस अद्यावधिक विद्यालय शिक्षा क्षेत्र योजना स्थानीय आवश्यकता, चुनौती तथा सम्भावनाको समुचित मूल्याङ्कनका आधारमा निर्माण गरिएको एक दूरदर्शी र समावेशी दस्तावेज हो । यस योजनाले गुणस्तरीय, सुलभ तथा समावेशी शिक्षाको प्रवर्द्धन गर्दै बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षकको पेसागत व्यावसायिक क्षमता विकास, विद्यालय पूर्वाधारको सुदृढीकरण, शिक्षण–सिकाइ प्रक्रियामा प्रविधिको प्रभावकारी प्रयोग तथा समावेशी शिक्षाको सुनिश्चिततालाई प्राथमिकता दिएको छ । साथै, विद्यालय व्यवस्थापनमा पारदर्शिता, उत्तरदायित्व र सामुदायिक सहभागितालाई सशक्त बनाउने रणनीति पनि यस योजनामा समावेश गरिएको छ ।

गाउँपालिकाको नेतृत्व यस योजनाको प्रभावकारी कार्यान्वयनमा पूर्ण प्रतिबद्ध रहँदै, सङ्घीय तथा प्रदेश सरकार, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवाला पक्षसँग सहकार्य र समन्वयको अपेक्षा राख्दछ । शिक्षा केवल ज्ञानको हस्तान्तरण मात्र नभई सामाजिक रूपान्तरणको आधार हो भन्ने विश्वासका साथ तयार गरिएको यो योजना भावी पुस्ताको उज्ज्वल भविष्य निर्माणतर्फको उत्तरदायित्वपूर्ण र साझा संकल्पको प्रतिबिम्ब हो भन्ने मैले ठानेको छु ।

अन्त्यमा, २०७८ सालमा निर्मित यस योजनालाई परिमार्जन गरि नयाँ ढाँचामा अद्यावधिक गराउनको लागि गाउँशिक्षा समितिबाट गठन भएको योजनाको निर्माण कार्यदलका संयोजक राजेन्द्र प्रसाद आचार्य लगायत सम्पूर्ण सदस्यहरूको लगाव र मेहनतको उच्च प्रशंसा गर्दै गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

Email :- aamachhodingmo@gmail.com

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या :-०८१/०८२
चलानी नं. :-

**प्राक्कथन**

विद्यालय शिक्षा क्षेत्रको अद्यावधिक योजना गाउँपालिकाको शैक्षिक विकासलाई संस्थागत, समावेशी र दिगो बनाउने उद्देश्यले तयार गरिएको एक रणनीतिक दस्तावेज हो। शिक्षा मानव विकासको मूल आधार हो, र गुणस्तरीय शिक्षाको सुनिश्चितता स्थानीय सरकारको प्रमुख उत्तरदायित्वमध्ये एक हो। यस योजनाले राष्ट्रिय शिक्षा नीति, सङ्घीय संरचना, तथा दिगो विकास लक्ष्य (SDG 4) विशेषतः लक्ष्य ४ सँग समन्वय गर्दै स्थानीय सन्दर्भमा व्यवहारिक कार्यदिशा प्रस्तुत गरेको छ।

योजनाको निर्माण प्रक्रियामा तथ्यपरक विश्लेषण, सरोकारवाला सहभागिता, विद्यालयस्तरीय मूल्याङ्कन, तथा समुदायको आवाजलाई समेट्ने प्रयास गरिएको छ। योजनाले बालबालिकाको सिकाइ उपलब्धि सुधार, शिक्षकको क्षमता अभिवृद्धि, विद्यालय पूर्वाधारको सुदृढीकरण, समावेशी शिक्षाको प्रवर्द्धन तथा प्रविधिको उपयोगमार्फत शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने रणनीति समावेश गरेको छ।

गाउँपालिकाको तर्फबाट यस योजनालाई कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालन, नीति समन्वय, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्न प्रतिबद्धता व्यक्त गर्दै सङ्घीय तथा प्रदेश सरकार, विकास साझेदार, विद्यालय, शिक्षक, अभिभावक तथा समुदायसँग सहकार्य गर्दै योजनालाई सफलतापूर्वक कार्यान्वयन गरिने विश्वास व्यक्त गर्दछु।

विकाश शर्मा रिजाल

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

१. विषय प्रवेश ..... १

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ..... १

३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ..... १

४. शिक्षा योजना निर्माणका आधार ..... २

५. शिक्षा योजना निर्माण प्रक्रिया ..... २

६. योजनाको लेखाजोखा ..... ३

परिच्छेद १ : परिचय ..... ४

१.१ वर्तमान अवस्था ..... ४

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ..... २१

१.३ शिक्षा क्षेत्रका चुनौतीको **SWOT** विश्लेषण ..... ३१

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... ३२

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ..... ३२

२.१.१ संवैधानिक प्रावधान ..... ३२

२.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ ..... ३३

२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी): ..... ३५

२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ..... ३५

२.२ दूरदृष्टि ..... ३६

२.३ लक्ष्य ..... ३६

२.४ उद्देश्य ..... ३६

२.५ रणनीति ..... ३७

२.६ कार्यनीति ..... ३८

२.७ अपेक्षित उपलब्धि ..... ४१

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ..... ४२

परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ..... ४३

३.१ प्रारम्भिक बाल-विकास र शिक्षा ..... ४३

३.१.१ वर्तमान अवस्था......४३
३.१.२ उद्देश्य......४६
३.१.३ रणनीति......४६
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा......४६
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......४७
३.२.१ वर्तमान अवस्था......४८
३.२.२ उद्देश्य......५०
३.२.३ रणनीति......५०
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा......५१
३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......५२
३.३ माध्यमिक शिक्षा......५३
३.३.१ वर्तमान अवस्था......५३
३.३.२ उद्देश्य......५४
३.३.३ रणनीति......५४
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा......५५
३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......५५
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम......५६
३.४.१ वर्तमान अवस्था......५६
३.४.२ उद्देश्य......५७
३.४.३ रणनीति......५७
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा......५७
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......५७
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ......५८
३.५.१ वर्तमान अवस्था......५८
३.५.२ उद्देश्य......५८
३.५.३ रणनीति......५८
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा......५८
३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......५९

परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्र ....................................................................५९
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........................................................५९
४.१.१ वर्तमान अवस्थाः ........................................................................................५९
४.१.२ उद्देश्यः ....................................................................................................६०
४.१.३ रणनीति.....................................................................................................६०
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ...........................................................................६०
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..........................................................६१
४.२ शिक्षक व्यवस्थापन र विकास ...........................................................................६१
४.२.१ वर्तमान अवस्थाः ........................................................................................६१
४.२.२ उद्देश्यः ....................................................................................................६१
४.२.३ रणनीति.....................................................................................................६२
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ...........................................................................६२
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..........................................................६२
४.३ शिक्षामा समता र समावेशीकरण.........................................................................६३
४.३.१ वर्तमान अवस्थाः ........................................................................................६३
४.३.२ उद्देश्यः ....................................................................................................६४
४.३.३ रणनीति.....................................................................................................६५
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ...........................................................................६५
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..........................................................६५
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम.................................................................६६
४.४.१ वर्तमान अवस्थाः ........................................................................................६६
४.४.२ उद्देश्यः ....................................................................................................६७
४.४.३ रणनीति.....................................................................................................६७
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ...........................................................................६७
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..........................................................६८
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ..............................................६८
४.५.१ वर्तमान अवस्थाः ........................................................................................६८

४.५.२ उद्देश्यः ................................................................................................................................६९

४.५.३ रणनीति..................................................................................................................................६९

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................७०

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................................................................७०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास .............................................................................................७०

४.६.१ वर्तमान अवस्थाः.......................................................................................................................७०

४.६.२ उद्देश्यः ................................................................................................................................७१

४.६.३ रणनीति..................................................................................................................................७१

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................७२

४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................................................................७२

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि .......................................................................................७२

४.७.१ वर्तमान अवस्थाः.......................................................................................................................७२

४.७.२ उद्देश्यः ................................................................................................................................७३

४.७.३ रणनीति..................................................................................................................................७३

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................७३

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................................................................७३

परिच्छेद ५ : अन्य उपक्षेत्र ..........................................................................................................७४

५.१.१ वर्तमान अवस्थाः.......................................................................................................................७४

५.१.२ उद्देश्यः ................................................................................................................................७४

५.१.३ रणनीति..................................................................................................................................७४

५.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................७४

५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .................................................................................७५

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन .........................................................................................७५

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ......................................................................७६

६.१.१ वर्तमान अवस्थाः.......................................................................................................................७६

६.१.२ उद्देश्यः ................................................................................................................................७६

६.१.३ रणनीति..................................................................................................................................७६

६.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................७७
६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................७७
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ...............................................................................७७
६.२.१ वर्तमान अवस्थाः ..............................................................................................................७७
६.२.२ उद्देश्यः ...........................................................................................................................७८
६.२.३ रणनीति...........................................................................................................................७८
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................७८
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................७९
परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन...........................................................................................७९
७.१.१ वर्तमान अवस्थाः ..............................................................................................................७९
७.१.२ उद्देश्यः ...........................................................................................................................८०
७.१.३ रणनीति...........................................................................................................................८०
७.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................८०
७.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................८१
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन...........................................................................................८७
८.१ वर्तमान अवस्थाः ..................................................................................................................८७
८.२ उद्देश्यः ...............................................................................................................................८८
८.३ रणनीति...............................................................................................................................८८
८.४ प्रमुख उपलब्धि तथा नतिजा........................................................................................................८८
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................८९

## १. विषय प्रवेश

नेपालको सङ्घीय संरचनामा स्थानीय तहहरूलाई माध्यामिक तहसम्मको शिक्षा क्षेत्रको विकास र व्यवस्थापनमा महत्वपूर्ण भूमिका दिइएको छ । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयन, निगरानी, र मूल्याङ्कनको अधिकार दिएको छ । यसै सन्दर्भमा गाउँपालिकाको शिक्षा प्रणालीको सुधार, पहुँच, गुणस्तर, र समावेशीतालाई सुनिश्चित गर्नका लागि रणनीतिक योजनाको खाँचो पर्दछ । गाउँपालिकाले २०७८ मा पञ्च वर्षीय शिक्षा योजना बनाई सोहि अनुरूप कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ जारी गरे पश्चात यहि मार्गदर्शनले तोकेको ढाँचामा यस गाउँपालिकाको योजनालाई पनि अद्यावधिक गर्नु पर्ने भएकोले यो अद्यावधिक शिक्षा योजना निर्माण गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय नीति, अनिवार्य तथा निशुल्क शिक्षा, ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षाको विकासलाई दिशा निर्देश गर्न, सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि आवश्यक पर्ने योग्य तथा कुशल नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ । यस ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधा विहीन, अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यी सबै परिवेशमा सबै स्थानीय तहले समेत शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकताको औचित्य पुष्टि हुन्छ ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३. कार्यक्रम र स्रोतमा हुने अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ।

क) नेपालको संविधान

ख) सोह्रौँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

दिगो विकासका लक्ष्यहरूलाई समेत सम्बोधन हुने गरी सङ्घीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरूलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनको लागि मार्ग निर्देशन गरेको,

यस गाउँपालिकाले २०७८ मा नै शिक्षा योजना निर्माण सम्पन्न गरी सोहि योजना अनुसार शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको परिप्रेक्षमा सङ्घीय सरकार अन्तरगतको निकायबाट शिक्षा योजनाको ढाँचामा गरेको परिवर्तन अनुसारको ढाँचामा योजनालाई परिमार्जन गर्नु पर्ने भएकोले आर्थिक वर्ष २०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रममा योजना अद्यावधिक गर्न बजेट विनियोजन गरी निर्माण प्रक्रिया अघि बढाइ देहाय अनुसारका प्रक्रियाहरू अवलम्बन गरिएको थियो।

### योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था

सर्वप्रथम वर्तमान गाउँशिक्षा समितिको बैठकमा शिक्षा युवा तथ खेलकुद शाखाको तर्फबाट गाउँपालिकाको चालू गाउँ शिक्षा योजनाको कार्यान्वयनको सन्दर्भमा प्रस्तुति भयो त्यसपश्चात नयाँ ढाँचाको शिक्षा क्षेत्र योजना निर्माणमा थप गर्नु पर्ने विषयवस्तुहरूको सन्दर्भमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रममा जिल्ला

संयोजकबाट प्रस्तुति भयो। गाउँ शिक्षा समितिको २०८१ मङ्सिर १२ गतेको निर्णयबाट देहाय बमोजिमको शिक्षा योजना अद्यावधिक कार्यदलको गठन भई योजना अद्यावधिकको कार्य आरम्भ भयो।

**गाउँ शिक्षा योजना अद्यावधिक कार्यदल**

| | | |
|---|---|---|
| संयोजक | राजेन्द्र प्रसाद आचार्य | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख |
| सदस्य | सञ्जिता वाइबा गुरूङ | पार्वतीकुण्ड मावि प्रधानाध्यापक |
| सदस्य | सरोज तामाङ | गाउँ शिक्षा समिति सदस्य /ग्रे मावि प्रधानाध्यापक |
| सदस्य | काल्साङ तामाङ | सरस्वती आधारभूत विद्यालय शिक्षक |
| सदस्य | सोम बहादुर तामाङ | स्थानीय शिक्षा प्रेमी / गोसाईकुण्ड प्रावि प्रधानाध्यापक |

**बैठक तथा छलफल**

योजना निर्माणको क्रममा पटक पटक योजना अद्यावधिक कार्यदलको बैठक बसेर विभिन्न विषयहरूमा गहन छलफल गरिएको थियो। दस्तावेजको मस्यौदाको तयारीका क्रममा आवश्यकता अनुसार गाउँपालिकाका जनप्रतिनिधि तथा प्रशासकीय प्रमुख र लेखा प्रमुखसँग छलफल तथा राय सुझाव लिइ योजनालाई अन्तिम रूप दिइएको थियो।

## ६. योजनाको लेखाजोखा

शिक्षा योजनाको लेखाजोखा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि योजनाको अन्तिमीकरण गर्नु अघि गरिने पूर्व समिक्षा हो। लेखाजोखाले योजना अन्तर्गत खर्च गर्न प्रस्ताव गरिएको स्रोत, अपेक्षित उपलब्धि, चुनौती, र सुधारका सम्भावनाहरूको विश्लेषण गर्छ। यसले पारदर्शिता, जवाफदेहिता, र विश्वसनीयता सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ।

यस अद्यावधिक शिक्षा योजनाको लेखाजोखा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखबाट भएको थियो।


# परिच्छेद १ : परिचय

शिक्षा क्षेत्रको योजना निर्माणमा परिचय खण्डमा भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था र शिक्षा क्षेत्रका प्रमुख समस्या**,** अवसर र चुनौती महत्त्वपूर्ण पक्ष हुन् । यस परिच्छेदमा यी पक्षको गहिरो चिरफार, समीक्षा र विश्लेषणका साथै आमाछोदिङमो गाउँपकालिको शिक्षा क्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसरको पहिचान  गरिएको  छ ।

## १.१ वर्तमान अवस्था

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

रसुवा जिल्लाको उत्तरी भागमा अवस्थित यो गाउँपालिका नेपालको मानचित्रमा ८५°१५'९७"  देखि ८५°३५'०८" पूर्वी देशान्तर तथा  २८°१९'६६" देखि २८°३३'१८" उत्तरी अक्षांश सम्म  **६८२.२३ वर्ग किलोमिटर** क्षेत्रफलमा फैलिएर रहेको छ।  सानो क्षेत्रमा पनि फरक फरक खालको हावापानी र फरक फरक खालको भू बनोट रहेको यो गाउँपालिका समुन्द्र सतहको करिब १२०० मिटर देखि ५५०० मिटर सम्मको उचाइ भित्र अवस्थित रहेको छ । जलस्रोतको दृष्टिले अत्यन्त समृद्ध यस गाउँपालिकामा चिलिमे**,** साङ्जेन र त्रिशूली नदीहरू छन् । पर्यटकीय दृष्टिले पनि महत्वपूर्ण मानिने आमाछोदिङमोमा हरेक वर्ष हजारौं नेपाली तथा विदेशी पर्यटकहरू भ्रमण गर्न आउँछन् । यस गाउँपालिकामा जलविद्युत उत्पादनको उच्च सम्भावना, पर्यटकीय स्थलहरू र पशुपालनका लागि उपयुक्त भूभाग रहेको छ ।




### गाउँपालिकाको नाम तथा केन्द्र

यस क्षेत्रमा अवस्थित प्रसिद्ध धार्मिक तिर्थस्थल पार्वतीकुण्डबाट गाउँपालिकाको नामकरण भएको छ । साविकको गत्लाङ, गोल्जुङ, चिलिमे  र हाकु गा.वि.स. को १ नम्बर  देखी ७ नम्बर सम्मका वडाहरू समावेश भई यो गाउँपालिकाको पुन संरचना भएको छ । नेपाल सरकारले राज्य पुन संरचना गर्दा गाउँपालिकाको नाम पार्वतीकुण्ड र केन्द्र गोल्जुङ भनि तोकिएकोमा गाउँपालिकाको निर्वाचित जन प्रतिनिधीहरूको प्रथम गाउँसभाले गाउँपालिकाको नाम 'आमाछोदिङ्मो' र केन्द्र 'गोल्जुङबेसी' कायम गर्ने भनी गरेको निर्णय बमोजिम गाउँपालिकाको नाम परिवर्तन र केन्द्र निर्धारण भएको हो । पौष २४**,** २०७४ मा राजपत्रमा सूचना प्रकाशन भए पश्चात यो गाउँपालिकाको नाम आमाछोदिङमो भनि कार्यान्वयनमा आएको छ । यद्यपि हालसम्म पनि कतिपय सरकारी कार्यालयका अभिलेखमा यस गाउँपालिकाको नाम पार्वतीकुण्ड नै रहेको पाइन्छ ।

स्थानीय तामाङ भाषामा 'आमा' भनेको पार्वती र 'छोदिङ्मो' भनेको पानी जमेको ठाउँ कुण्ड हो । यसरी हेर्दा नेपाली भाषाको 'पार्वतीकुण्ड'बाट तामाङ भाषामा भएको रूपान्तरणबाट आमाछोदिङ्मोको नामाकरण भएको भनि परिभाषित गर्न सकिन्छ ।

### अवस्थिति (सिमाना)

यस गाउँपालिकाको पूर्वमा गोसाईकुण्ड गाउँपालिका र चीन, पश्चिममा उत्तरगया गाउँपालिका र धादिङ जिल्ला, उत्तरमा चीन र दक्षिणमा उत्तरगया र गोसाईकुण्ड गाउँपालिका पर्दछन् ।

### भौगोलिक स्वरूप (भू बनावट, भिरालोपन, मैदान, आदि)

आमाछोदिङमो गाउँपालिकाको अधिकांश भू-भाग मुख्यत भिरालो जमिनबाट बनेको छ साथै बेसी, उच्च समस्थली, घाँसै मैदान, भन्ज्याङ, डाँडा र अग्ला चट्टानी पहाडहरू पनि यस गाउँपालिकामा रहेका छन् । यहाँको जमिनमा कालो फुस्रो बलौटे किसिमको माटो पाइन्छ ।

### (ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ६,६७३ रहेको छ जसमध्ये ३,४८० जना पुरूष र ३,१९३ जना महिला रहेका छन् । जनगणनाको रिपोर्ट अनुसार ५ वटा वडामध्ये सबै भन्दा धेरै जनसङ्ख्या ५ नं वडामा रहेको देखिन्छ भने सबै भन्दा कम २ नं वडामा रहेको छ । यस गाउँपालिकामा प्रति १०० महिलामा १०८ जना पुरूष बसोबास गर्ने गर्छन् अर्थात् यस गाउँपालिकाको लैङ्गिक अनुपात १०८.९९ रहेको छ । यद्यपि गाउँपालिकाले २०८१ मा गरेको घर धुरी सर्वेक्षणबाट यस गाउँपालिकाको जनसङ्ख्या ६८४७ रहेको पाइएको छ । विद्यालय कक्षा तथा उमेरको संरचना अनुसार कक्षा १ देखि कक्षा १० सम्म अध्ययन गर्ने उमेर समूहका बालबालिकाहरूको सङ्ख्या १२४७ रहेको छ ।

*तालिका नं १ परिवार सङ्ख्या तथा वडागत जनसङ्ख्या*

| | घरधुरी संख्या | | जनसङ्ख्या | | | औसत परिवारको सदस्य सङ्ख्या | लैङ्गिक अनुपात | स्थलगत सर्वेक्षण २०८१ अनुसार घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | प्रतिशत | कुल | पुरुष | महिला | | | |
| **गाउँपालिकाको जम्मा** | **१६६४** | **१००.०** | **६६७३** | **३४८०** | **३१९३** | **४.०१** | **१०८.९९** | **१३४४** |
| वडा नं १ | ३११ | १८.७ | १४९१ | ७५५ | ७३६ | ४.७९ | १०२.५८ | १६८ |
| वडा नं २ | २४० | १४.४ | ९८२ | ५२१ | ४६१ | ४.०९ | ११३.०२ | १४६ |
| वडा नं ३ | ३५० | २१.० | १३५३ | ७१८ | ६३५ | ३.८७ | ११३.०७ | ४१० |
| वडा नं ४ | ३०० | १८.० | १०८० | ५५५ | ५२५ | ३.६० | १०५.७१ | २७९ |
| वडा नं ५ | ४६३ | २७.८ | १७६७ | ९३१ | ८३६ | ३.८२ | १११.३६ | ३४१ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८/ स्रोत: घरधुरी सर्वेक्षण २०८१*

*तालिका नं २ लिङ्गको आधारमा कुल जनसङ्ख्या*


| वडा नं | राष्ट्रिय जनगणना २०७८ अनुसार | | | घरधुरी सर्वेक्षण २०८१ अनुसार | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ७५५ | ७३६ | १४९१ | ४६८ | ५१३ | ९८१ |
| २ | ५२१ | ४६१ | ९८२ | ३८७ | ४०८ | ७९५ |
| ३ | ७१८ | ६३५ | १३५३ | ९५८ | ८७५ | १८३३ |
| ४ | ५५५ | ५२५ | १०८० | ७७० | ७०२ | १४७२ |
| ५ | ९३१ | ८३६ | १७६७ | ९१८ | ८४८ | १७६६ |
| **गाउँपालिका जम्मा** | **३४८०** | **३१९३** | **६६७३** | **३५०१** | **३३४६** | **६८४७** |
| प्रतिशत | ५२.२ | ४७.८ | १००.० | ५१.१ | ४८.९ | १००,० |

स्रोत: राष्ट्रिय जनगणना २०७८/ स्रोत: घरधुरी सर्वेक्षण २०८१

## तालिका नं ३ वडागत उमेर समूहको जनसंख्यात्मक विवरण

| | जम्मा | | | १ नम्बर वडा | | | २ नम्बर वडा | | | ३ नम्बर वडा | | | ४ नम्बर वडा | | | ५ नम्बर वडा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उमेर समूह | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म | कुल | पु | म |
| कुल | ६७७३ | ३४८० | ३१९३ | १५९१ | ७५५ | ७३६ | ९८२ | ५२१ | ४६१ | १३५३ | ७१८ | ६३५ | १०८० | ५५५ | ५२५ | १७६७ | ९३१ | ८३६ |
| ००-०४ | ६९४ | ३७६ | ३१८ | १४९ | ७२ | ७७ | ११६ | ६१ | ५५ | १२५ | ७३ | ५२ | ११७ | ६९ | ४८ | १८७ | १०१ | ८६ |
| ०५-०९ | ६७९ | ३५८ | ३२१ | १६९ | ८४ | ८५ | १०२ | ६० | ४२ | १३८ | ७९ | ५९ | १०० | ५४ | ४६ | १७० | ८१ | ८९ |
| १०-१४ | ५६८ | २९४ | २७४ | १५१ | ७८ | ७३ | ९८ | ५३ | ४५ | १०७ | ५३ | ५४ | ८६ | ४१ | ४५ | १२६ | ६९ | ५७ |
| १५-१९ | ६१५ | ३३० | २८५ | १७७ | ९० | ८७ | ९७ | ५३ | ४४ | ११० | ७१ | ३९ | १०७ | ५३ | ५४ | १२४ | ६३ | ६१ |
| २०-२४ | ६२८ | ३३५ | २९३ | १४१ | ७४ | ६७ | ८६ | ४९ | ३७ | १४३ | ८५ | ५८ | ९३ | ४२ | ५१ | १६५ | ८५ | ८० |
| २५-२९ | ५४५ | २९४ | २५१ | १२८ | ६२ | ६६ | ८१ | ४५ | ३६ | ८८ | ५३ | ३५ | ८३ | ४२ | ४१ | १६५ | ९२ | ७३ |
| ३०-३४ | ४२५ | २१३ | २१२ | ९१ | ३७ | ५४ | ६२ | ३३ | २९ | ६२ | ३३ | २९ | ७३ | ३९ | ३४ | १३७ | ७१ | ६६ |
| ३५-३९ | ३७० | १९४ | १७४ | ९८ | ५३ | ४५ | ६२ | ३० | ३२ | ५२ | ३० | २० | ५१ | २७ | २४ | १०७ | ५४ | ५३ |
| ४०-४४ | ३८३ | २१३ | १७० | ८० | ४५ | ३५ | ४२ | २३ | १९ | ७७ | ३६ | ४१ | ६४ | ३३ | ३१ | १२० | ७६ | ४४ |
| ४५-४९ | ३६० | १७९ | १८१ | ६८ | ३४ | ३४ | ४७ | २७ | २० | ९१ | ४२ | ४९ | ६८ | ३४ | ३४ | ८६ | ४२ | ४४ |
| ५०-५४ | २६० | १५० | १३१ | ५२ | २६ | २६ | १५ | १५ | २१ | ५३ | ३० | २३ | ६० | ३३ | २७ | ८० | ४६ | ३४ |
| ५५-५९ | २४३ | १११ | १३२ | ४६ | २३ | २३ | ३४ | १५ | १९ | ५६ | ३० | २६ | ४४ | १६ | २८ | ६३ | २७ | ३६ |
| ६०-६४ | २४७ | १४१ | १०६ | ४६ | २९ | १७ | ४२ | २३ | १९ | ५१ | २४ | २७ | ४२ | २७ | १५ | ६६ | ३८ | २८ |
| ६५-६९ | २१८ | १११ | १०७ | ३४ | १६ | १८ | ३१ | १७ | १४ | ५२ | २८ | २४ | ३८ | २० | १८ | ६३ | ३० | ३३ |
| ७०-७४ | १४७ | ७७ | ७० | ३२ | १६ | १६ | १५ | ८ | ७ | ३५ | १८ | १७ | २१ | १० | ११ | ४४ | २५ | १९ |
| ७५-७९ | ११८ | ५३ | ६५ | २२ | ११ | ११ | १८ | १० | ८ | २९ | १२ | १७ | १६ | ८ | ८ | ३३ | १२ | २१ |
| ८०-८४ | ६९ | ४० | २९ | ४ | ४ | ० | ११ | ८ | ३ | २३ | १० | १३ | ९ | ४ | ५ | २२ | १४ | ८ |
| ८५-८९ | १७ | ७ | १० | १ | ० | १ | २ | १ | १ | ५ | ३ | २ | ५ | २ | ३ | ४ | १ | ३ |
| ९०-९४ | ७ | ४ | ३ | १ | १ | ० | ० | ० | ० | २ | १ | १ | २ | १ | १ | २ | १ | १ |
| ९५+ | ५ | ३ | २ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ३ | ३ | ० |

*चित्र नं १: 5 वर्ष उमेर समूह अनुसार जनसङ्ख्यात्मक विवरण*




## (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

आमाछोदिङमो गाउँपालिकामा मुख्यतः तामाङ, घले तथा नेवार जातिका मानिसहरूको बसोबास रहेको छ । तामाङ भाषा यहाँको मुख्य भाषा हो। यहाँका अधिकांश मानिसहरू बौद्ध धर्म मान्ने गर्छन्। विगत केहि वर्ष देखि इसाई धर्ममा विश्वास मान्ने मानिसहरूको संख्या पनि यस गाउँपालिकामा दिनानुदिन बढ्दै गई रहेको छ।


यस गाउँपालिकाको मुख्य चाड सोनाम तथा ग्याल्वो ल्होसार हो तथापि यहाँ दशै, तिहार, माघे सङ्क्रान्तिलाई पनि महत्वपूर्ण चाडको रूपमा मनाउने गरिन्छ। इसाई धर्म मान्नेहरुले क्रिसमसलाई मुख्य चाडको रूपमा मनाउने गर्छन्।

श्रावण भाद्र महिनामा यस गाउँपालिकाको गतलाङमा अवस्थित पार्वतीकुण्डमा मेला लाग्ने गर्दछ । गाउँपालिकाको विभिन्न वडाहरूमा फरक फरक समयमा एक हप्ता सम्म म्हानि नाचको जात्रा मनाइन्छ। भोटसँगको युद्धको कहानीमा लाग्ने उक्त जात्रा हेर्न गाउँभरका मानिसहरुको भिड लाग्ने गर्दछ।

बौद्ध धर्ममा विश्वास गर्ने यहाँका मानिसहरूको आफ्नै वार्षिक पात्रो रहेको छ जुन नेपाली पात्रो भन्दा करिब १५ दिनले अघि हुन्छ। स्थानीयहरूले विवाह, पूजा तथा अन्य धार्मिक कार्य गर्नको लागि शुभ साइत जुराउन उक्त पात्रोलाई आधार मान्ने गर्छन्।


परम्परागत कृषि खेती र पशुपालन यहाँको मुख्य पेशा हो । परम्परागत कृषि र पशुपालनको तरिकालाई बदलि नविनतम् प्रविधिमा आधारित कृषि तथा पशुपालन प्रणाली अपनाउन सकेमा यहाँको आर्थिक अवस्था छिटै राम्रो हुने देखिन्छ ।

*चित्र नं २ जातिगत आधारमा जनसङ्ख्या*





*राष्ट्रिय जनगणना रिपोर्ट २०७८*


*चित्र नं ३ धर्म अनुसार जनसंङ्ख्या*




*चित्र नं ४ मातृभाषा सम्बन्धी जनसङ्ख्यात्मक विवरण*



### चित्र नं ५ मातृभाषा सम्बन्धी जनसङ्ख्यात्मक विवरण तथा साक्षरताको प्रतिशत



### (घ) आर्थिक अवस्थाको विश्लेषण

२०८१/८२ को आर्थिक सर्वेक्षणअनुसार नेपालको प्रतिव्यक्ति आय **$1,517** पुगेको तथ्यले शिक्षा क्षेत्रमा सार्वजनिक लगानीको सम्भावना विस्तार भएको संकेत गर्दछ। आर्थिक वृद्धिको वर्तमान परिप्रेक्ष्यमा शिक्षा बजेटको पुनःसंरचना, शिक्षक क्षमता विकास, तथा प्रविधिको प्रयोगमार्फत शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

आमाछोदिङमो गाउँपालिकाको आन्तरिक आय विगतका वर्षका तुलनामा वृद्धि हुँदै गइरहेको छ। आर्थिक वर्ष २०७५।७६ को वार्षिक कुल आयको १.५१ प्रतिशत आन्तरिक आय रहेकोमा आर्थिक वर्ष २०८२।८३ को बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा २.५३ पुगेको छ। दुर्गम हिमाली भेगमा अवस्थित यस गाउँपालिकामा व्यापार व्यवसायमा वृद्धि हुनु, गाउँपालिकाले आन्तरिक आम्दानीका स्रोतहरूको पहिचान गर्न सक्नु जस्ता कारणले गाउँपालिकाको आम्दानी विस्तारै वृद्धि हुँदै गई रहेको हो।

गाउँपालिका भित्र सञ्चालित जलविद्युत आयोजनाहरूले वार्षिक रूपमा बुझाउने प्राकृतिक स्रोत साधन कर अन्तर्गत ढुङ्गा गिटी बालुवाको कर र मालपोत, सम्पत्ति कर, विभिन्न प्रशासनिक सिफारिस कवाडी कर गाउँपालिकाको मुख्य आन्तरिक आम्दानीको स्रोतहरू हुन्।

गाउँपालिका भित्र रहेको जलस्रोतको सम्पदाबाट १००० मेगावाट सम्म विद्युत् उत्पादन गर्न सक्ने क्षमता छ। हाल यी नदि तथा खोलाहरूबाट करिब १५० मेगावाट विद्युत उत्पादन भइरहेको छ भने करिब ४५० मेगावाट क्षमताका जलविद्युत आयोजनाहरू निर्माणाधिन अवस्थामा रहेका छन्। जलविद्युत आयोजनाहरूले स्थानीय मानिसहरूलाई स्थानीय स्तरमै रोजगारको अवसर र सेयर समेत प्रदान गर्दा समग्र गाउँपालिकाको आर्थिक अवस्थामा सुधार आएको छ।

परम्परागत पशु पालन अन्तरगत यहाँका किसानले चौरी, भेडा बाख्रा र स्थानीय जातका गाई गोरू पालन गर्दछन्। कृषि खेति अन्तरगत अन्न प्रजातीमा मकै, आलु, गहुँ, करू तथा गेडागुडी प्रजातीमा सिमी, भट्टमास, केराउ र तरकारीमा आलु बन्दा यहाँको मुख्य कृषि उत्पादन हुन। वैदेशिक रोजगारीमा युवायुवतीहरू संलग्न हुनुका साथै पर्यटन क्षेत्रबाट यहाँका मानिसहरूको आर्थिक अवस्था विगतको वर्षहरूको तुलनामा सुधार हुँदै गईरहेको छ।


### (ङ) शैक्षिक अवस्थाको विश्लेषण

विद्यालय शिक्षा स्थानीय निकायको जिम्मा आइसकेपछि अवसर र चुनौती दुवै एकै चाटि आएको छ अवसर यो मानेमा कि शिक्षामा देखिएको समस्यालाई स्थानीय स्तरबाटै प्राथमिकताको आधारमा समबोधान गर्न सकिन्छ भने चुनौती मानव स्रोतको अभाव, गुणस्तरको सुनिश्चितताको लागि पालिकाको स्रोत अभावको कारण ससर्त अनुदानमा भरपर्नु पर्ने बाध्यात्मक अवस्था तथा शिक्षक व्यवस्थापन चुनौतीको रूपमा देखिन्छ । यस पालिकामा सबै प्रकारको विद्यालय संख्या १३ रहेको जस मध्ये १२ वटा सामुदायिक विद्यालय रहेको छ। सबै विद्यालयमा बालविकास कक्षा सञ्चालनमा रहेको छ भने गाउँपालिकाको ४ नं वडामा एक बालविकास केन्द्र समुदायमा आधारित रहेको छ।


### गाउँपालिकाको साक्षरताको स्थिति

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको ५ वर्ष भन्दा माथि उमेर समूहको साक्षरता दर ७३.२ रहेको छ जसमा पुरुषको साक्षरता दर ७९.३ र महिलाको साक्षरता दर ६६.५ प्रतिशत रहेको छ।

## चित्र नं ६ लैङ्गिक तथा कुल साक्षरताको अवस्था




## चित्र नं ७ वडागत कुल साक्षरताको अवस्था



### तालिका नं ४ शिक्षण संस्था सम्बन्धी तहगत विवरण

| शैक्षिक संस्थाहरू | प्रारम्भिक बाल विकास | आधारभूत तह (१-५) | आधारभूत तह (१-८) | माध्यमिक तह (९-१०) | माध्यमिक तह (११-१२) | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|
| **कुल जम्मा** | १४ | ६ | ४ | २ | १ | ० |
| सामुदायिक जम्मा | १३ | ६ | ३ | २ | १ | ० |
| संस्थागत जम्मा | १ | ० | १ | ० | ० | ० |
| धार्मिक | ० | ० | ० | ० | ० | ० |
| गृहणी विद्यालय | ० | ० | | ० | | ० |
| प्राविधिक माध्यमिक विद्यालय | ० | ० | | ० | | ० |
| क्याम्पस | ० | ० | | ० | | ० |

### तालिका नं ५ सामुदायिक विद्यालयहरूमा विद्यार्थी भर्ना २०८२

| कक्षा | जम्मा | | | जनजाती | | | दलित | | | ब्राहम्ण/क्षेत्री | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| **ECD** | **२२९** | **१२०** | **१०९** | **२१७** | **११४** | **१०३** | **७** | **५** | **२** | **५** | **१** | **४** |
| १ | १०२ | ५६ | ४६ | १०० | ५५ | ४५ | ० | ० | ० | २ | १ | १ |
| २ | ६६ | २६ | ४० | ६३ | २५ | ३८ | २ | ० | २ | १ | १ | ० |
| ३ | ६८ | ३४ | ३४ | ६४ | ३२ | ३२ | २ | १ | १ | १ | १ | ० |
| **१-३** | **२३६** | **११६** | **१२०** | **२२७** | **११२** | **११५** | **४** | **१** | **३** | **४** | **३** | **१** |
| ४ | ७३ | २७ | ४६ | ७२ | २६ | ४६ | १ | १ | ० | ० | ० | ० |
| ५ | ६१ | ३४ | २७ | ५९ | ३२ | २७ | १ | १ | ० | १ | १ | ० |
| **१-५** | **३७०** | **१७७** | **१९३** | **३५८** | **१७०** | **१८८** | **६** | **३** | **३** | **५** | **४** | **१** |
| ६ | ६४ | ३३ | ३१ | ६१ | ३२ | २९ | २ | ० | २ | १ | १ | ० |
| ७ | ४५ | २३ | २२ | ४५ | २३ | २२ | ० | ० | ० | ० | ० | ० |
| ८ | ५१ | २६ | २५ | ५२ | २५ | २७ | १ | १ | ० | ० | ० | ० |
| **६-८** | **१६०** | **८२** | **७८** | **१५८** | **८०** | **७८** | **३** | **१** | **२** | **१** | **१** | **१** |
| **१-८** | **५३०** | **२५९** | **२७१** | **५१६** | **२५०** | **२६६** | **९** | **४** | **५** | **६** | **५** | **१** |
| ९ | ३३ | ११ | २२ | ३३ | ११ | २२ | ० | ० | ० | १ | ० | १ |
| १० | २८ | २० | ८ | २८ | २० | ८ | ० | ० | ० | ० | ० | ० |
| **९-१०** | **६१** | **३१** | **३०** | **६१** | **३१** | **३०** | **०** | **०** | **०** | **१** | **०** | **०** |
| **१-१०** | **५९१** | **२९०** | **३०१** | **५७७** | **२८१** | **२९६** | **९** | **४** | **५** | **७** | **५** | **२** |
| ११ | २ | २ | ० | १ | ० | १ | ० | ० | ० | १ | १ | ० |
| १२ | ५ | ३ | २ | ३ | ३ | ० | २ | ० | २ | ० | ० | ० |
| **११-१२** | **७** | **५** | **२** | **४** | **३** | **१** | **२** | **०** | **२** | **१** | **१** | **०** |
| **१-१२** | **५९८** | **२९५** | **३०३** | **५८१** | **२८४** | **२९७** | **११** | **४** | **७** | **८** | **६** | **२** |
| **०-१२** | **८२७** | **४१५** | **४१२** | **७९८** | **३९८** | **४००** | **१८** | **९** | **९** | **१३** | **७** | **६** |

**स्रोत:** *School Iemis 2082*

*तालिका नं ६ सामुदायिक विद्यालयमा उमेरगत भर्ना विवरण २०८२*

| उमेर (वर्ष) | प्रारम्भिक बाल विकास | प्रारम्भिक कक्षा (कक्षा १-३) | प्राथमिक (कक्षा १-५) | निम्न माध्यमिक (कक्षा ६-८) | माध्यमिक (कक्षा ९-१०) |
|---|---|---|---|---|---|
| ३-४ | १२७ | २४ | २४ | ० | ० |
| ४ | ७४ | २३ | २३ | ० | ० |
| ५ | ६३ | ४३ | ४३ | ० | ० |
| ६ | २७ | ५४ | ५६ | ० | ० |
| ७ | ८ | ५४ | ६० | ० | ० |
| ८ | ० | ३१ | ४२ | १ | ० |
| ९ | ० | १८ | ६५ | ३ | ० |
| १० | ० | ९ | ४८ | १० | ० |
| ११ | १ | २ | २१ | २५ | १ |
| १२ | १ | ० | ७ | ३० | ८ |
| १३ | ० | ० | ३ | ४० | ७ |
| १४ | ० | ० | ० | २२ | ७ |
| १५ | १ | ० | ० | २० | १२ |
| १६ | ० | ० | ० | ७ | ८ |
| १७ | ० | ० | ० | ३ | १२ |
| १८ | ० | ० | ० | १ | ६ |
| १८> | ० | ० | ० | ० | १ |

**स्रोत:** *School Iemis 2082*

*तालिका नं ७ तहगत शिक्षक दरबन्दी तथा महिला शिक्षक सम्बन्धी  विवरण*

| तह | जम्मा | स्थायी | करार | राहत | अनुदान | निजी |
|---|---|---|---|---|---|---|
| प्राथमिक | ५६ | २९ | १८ | ५ | ० | ४ |
| महिला | २६ | १७ | ५ | २ | ० | १ |
| निम्न माध्यामिक | १७ | ७ | १ | २ | ४ | ३ |
| महिला | १ | १ | ० | १ | ० | १ |
| माध्यमिक (९-१०) | ९ | १ | २ | ० | ६ | ० |
| महिला | ३ | १ | १ | ० | १ | ० |
| माध्यमिक (११-१२) | १ | ० | ० | ० | १ | ० |
| महिला | ० | ० | ० | ० | ० | ० |

स्रोत: ***School Survey 2082***

*तालिका नं ८ भाषा/मातृभाषाको आधारमा सामुदायिक विद्यालयका शिक्षकको विवरण*

| मातृभाषा | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक(९-१०) | माध्यमिक (११-१२) |
|---|---|---|---|---|
| नेपाली | २३ | ४ | ४ | १ |
| तामाङ | २६ | ३ | ० | ० |
| अन्य | १ | ६ | २ | ० |

स्रोत: ***School Survey 2082***

## *तालिका नं ९ विद्यालयगत शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी विवरण*

| | बालविकास सहजकर्ता | | | आधारभूत तह (१-५) | | | | आधारभूत तह (६-८) | | | | | | माध्यमिक तह (९-१०) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृत दरबन्दी | राहत अनुदान | स्थानीय शिक्षण सहयोग अनुदान | स्वीकृत दरबन्दी | राहत अनुदान | स्थानीय शिक्षण सहयोग अनुदान | विद्यालय निजी स्रोत | स्वीकृत दरबन्दी | राहत अनुदान | सङ्घीय शिक्षण सहयोग अनुदान | प्रदेश शिक्षण सहयोग अनुदान | स्थानीय शिक्षण सहयोग अनुदान | विद्यालय निजी स्रोत | स्वीकृत दरबन्दी | सङ्घीय शिक्षण सहयोग अनुदान | प्रदेश शिक्षण सहयोग अनुदान |
| **जम्मा** | **१२** | **०** | **२** | **४५** | **५** | **६** | **४** | **७** | **२** | **३** | **०** | **२** | **१** | **३** | **४** | **३** |
| तातोपानी प्रावि | १ | ० | ० | ४ | ० | ० | ० | | | | | | | | | |
| पार्वतीकुण्ड मावि | २ | ० | ० | ७ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ० | ३ | १ | ० |
| सरस्वती आवि | १ | ० | ० | ४ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० |
| ग्रे मावि | १ | ० | ० | ६ | १ | १ | १ | ० | ० | ० | ० | १ | ० | ० | १ | ० |
| हाकु मावि | १ | ० | ० | ५ | १ | २ | ० | १ | ० | ० | ० | १ | १ | ० | ० | २ |
| गोङगाङ प्रावि | १ | ० | ० | १ | ० | ० | ० | | | | | | | | | |
| गोसाइकुण्ड आवि | १ | ० | १ | २ | १ | १ | ० | | | | | | | | | |
| ज्ञान ज्योति प्रावि | ० | ० | १ | २ | ० | ० | ० | | | | | | | | | |
| नेपाल राष्ट्रिय मावि | १ | ० | ० | ७ | ० | १ | १ | १ | १ | १ | ० | ० | ० | ० | २ | १ |
| पाजुङ प्रावि | १ | ० | ० | ३ | ० | १ | १ | | | | | | | | | |
| हाकुवेसी आवि | १ | ० | ० | ३ | १ | ० | १ | ० | ० | १ | ० | ० | | | | |
| पार्वतीकुण्ड प्रावि | १ | ० | ० | १ | १ | | | | | | | | | | | |

**स्रोतः** *iemis report 2082*

## तालिका नं १० विद्यालयगत शिक्षक तथा कर्मचारीको स्थायी तथा करार शिक्षक सम्बन्धी विवरण

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | | | | | | | | | | | | | दरबन्दी जम्मा | शुन्य दरबन्दी सहयोग अनुदा | | गाउँपालिका अनुदान | कुल शिक्षक | विद्यालय कर्मचारी | बालविकास सहजकर्ता | विद्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक तह | | | | निमावि तह | | | | मावि तह | | | | उमावि तह | | | | | | | | |
| | | स्थायी | करार | राहत | जम्मा | स्थायी | करार | राहत | जम्मा | स्थायी | करार | राहत | जम्मा | अनुदान | | संघ | प्रदेश | | | | | |
| १ | श्री पार्वती कुण्ड मावि | ५ | १ | ० | ६ | ५ | ० | ० | ५ | १ | २ | ० | ३ | १ | १५ | ० | ० | ० | १५ | १ | २ | १ |
| २ | श्री नेपाल राष्ट्रिय मा वि | ३ | ४ | ० | ७ | ० | १ | १ | २ | ० | ० | ० | ० | ० | १० | ३ | १ | १ | १४ | १ | १ | १ |
| ३ | श्री हाकु मावि | ४ | १ | १ | ५ | १ | १ | ० | २ | ० | ० | ० | ० | | ७ | २ | १ | ३ | १३ | १ | १ | १ |
| ४ | श्री हाकुबेसी आवि | ४ | ० | १ | ४ | ० | ० | ० | ० | | | | | | ४ | २ | ० | ० | ६ | | १ | १ |
| ५ | श्री ग्रे आधारभूत विद्यालय | ४ | २ | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | | ५ | १ | ० | २ | ७ | | १ | १ |
| ६ | श्री सरस्वती आवि | ३ | १ | ० | ४ | ० | ० | १ | १ | | | | | | ४ | २ | ० | ० | ६ | | १ | १ |
| ७ | श्री पाजुङ प्रावि | ३ | ० | ० | ३ | ० | ० | ० | ० | | | | | | ३ | ० | ० | ० | ३ | | १ | १ |
| ८ | श्री गोङगाङ प्रावि | ० | १ | ० | २ | ० | ० | ० | | | | | | | २ | ० | ० | ० | २ | | १ | १ |
| ९ | श्री तातोपानी प्रावि | ३ | १ | ० | २ | ० | ० | ० | ० | | | | | | २ | ० | ० | ० | २ | | १ | १ |
| १० | श्री ज्ञान ज्योती प्रावि | १ | १ | ० | २ | ० | ० | ० | ० | | | | | | २ | ० | ० | ० | २ | | १ | १ |
| ११ | श्री पार्वतीकुण्ड प्रावि | १ | ० | १ | ३ | ० | ० | ० | ० | | | | | | ३ | ० | ० | १ | ४ | | १ | १ |
| १२ | श्री गोसाइकुण्ड प्रावि | १ | १ | १ | ३ | ० | ० | ० | ० | | | | | | ३ | ० | ० | ० | ३ | | १ | १ |
| | | ३२ | १३ | ५ | ४६ | ६ | २ | २ | १० | १ | २ | ० | ३ | १ | ६० | ८ | २ | ७ | ७७ | ३ | १३ | १२ |

स्रोत: *School Survey 2082*

## *तालिका नं ११ पुस्तकालय, **ICT Lab** तथा प्रयोगशालासँग सम्बन्धित विवरण*

| विद्यालयको नाम | वडा नं | इन्टरनेट सुविधा | | ICT Lab सुविधा | | | | | प्रयोगशाला | | | पुस्तकालय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | नभएको | ल्यापटप संख्या | डेस्कटप संख्या | प्रिन्टर | Multimedia or Smart Board | ECD कक्षामा Audio visual सुविधा | विज्ञान प्रयोगशाला | गणित प्रयोगशाला | भाषा विषय प्रयोगशाला | छापामय कक्षाकोठा | न्यूनतम ५०० पुस्तक सहितको पुस्तकालय | कक्षाकोठामा बुक कर्नरको व्यवस्था |
| हाकु मावि | १ | | नभएको | १ | १३ | १ | २ | भएको | भएको | नभएको | नभएको | भएको | भएको | भएको |
| हाकुवेसी आवि | १ | | नभएको | २ | २ | २ | २ | भएको | नभएको | नभएको | नभएको | भएको | नभएको | भएको |
| गोसाईकुण्ड प्रावि | २ | | नभएको | २ | २ | २ | १ | भएको | नभएको | नभएको | नभएको | भएको | नभएको | भएको |
| पार्वतीकुण्ड प्रावि | २ | | नभएको | २ | १ | १ | ० | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | नभएको |
| ग्रे मावि | २ | | नभएको | २० | १० | २ | २ | भएको | नभएको | नभएको | नभएको | भएको | भएको | भएको |
| नेरामावि | ३ | | भएको | २ | १० | २ | २ | भएको | भएको | नभएको | नभएको | नभएको | भएको | भएको |
| पार्वतीकुण्ड मावि | ४ | | भएको | ५ | १७ | २ | २ | भएको | भएको | नभएको | नभएको | नभएको | भएको | भएको |
| सरस्वती आवि | ५ | | नभएको | २ | २ | २ | २ | भएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | भएको |
| पाजुङ प्रावि | ५ | | नभएको | २ | १ | २ | १ | भएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | भएको |
| गोङगाङ प्रावि | ५ | | नभएको | २ | ० | ० | ० | भएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | भएको |
| तातोपानी प्रावि | ५ | | नभएको | २ | १ | २ | १ | भएको | नभएको | नभएको | नभएको | नभएको | नभएको | भएको |
| ज्ञ्यानज्योती प्रावि | ५ | | नभएको | २ | १ | १ | १ | भएको | नभएको | नभएको | नभएको | भएको | नभएको | भएको |

**स्रोत:** *School Survey 2082*

*तालिका नं १२ भवन, कक्षाकोठा, फर्निचर, विद्युत र खानेपानी तथा सरसफाई सम्बन्धि विवरण*

| विद्यालयको नाम | वडा नं | भवन | | कक्षा कोठा | | | फर्निचर | | भुई बसाई भएको कक्षा कोठा संख्या | शुद्धखानेपानी | | शौचालयको अवस्था | | | खेल मैदान | | घेराबार | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | हाल भएको | आवश्यक | विद्युत सुविधा | पर्याप्त | अपुग थान | | भएको | नभएको | छात्रा | छात्र | शिक्षक | पर्याप्त | अपुग | छ | छैन |
| हाकु मावि | १ | ३ | ० | १६ | ० | भएको | पर्याप्त | | १ | भएको | | १ | १ | १ | | अपुग | छ | |
| हाकुवेसी आवि | १ | १ | १ | ९ | ४ | भएको | पर्याप्त | | १ | | नभएको | १ | १ | १ | | अपुग | छ | |
| गोसाईकुण्ड प्रावि | २ | १ | १ | ६ | | भएको | पर्याप्त | | १ | | नभएको | १ | १ | १ | | अपुग | छ | |
| पार्वतीकुण्ड प्रावि | २ | | १ | ५ | २ | भएको | | ५ | १ | भएको | | | १ | | | अपुग | | छैन |
| ग्रे मावि | २ | १ | १ | ९ | २ | भएको | | २० | १ | भएको | | १ | १ | १ | पर्याप्त | | छ | |
| नेरामावि | ३ | २ | १ | १७ | | भएको | पर्याप्त | | १ | भएको | | १ | १ | १ | पर्याप्त | | छ | |
| पार्वतीकुण्ड मावि | ४ | ६ | | १५ | | भएको | पर्याप्त | | १ | भएको | | १ | १ | १ | पर्याप्त | | छ | |
| सरस्वती आवि | ५ | २ | | १० | २ | भएको | | १० | १ | भएको | | १ | १ | १ | पर्याप्त | | छ | |
| पाजुङ प्रावि | ५ | १ | १ | ७ | २ | भएको | | १० | १ | भएको | | १ | १ | १ | | अपुग | छ | |
| गोङगाङ प्रावि | ५ | १ | | ४ | २ | भएको | पर्याप्त | | १ | | नभएको | | १ | | | अपुग | छ | |
| तातोपानी प्रावि | ५ | १ | | ५ | ४ | भएको | पर्याप्त | | १ | भएको | | | १ | | पर्याप्त | | छ | |
| ज्ञ्यानज्योती प्रावि | ५ | १ | | ४ | ४ | भएको | | ६ | १ | भएको | | १ | १ | १ | | अपुग | | छैन |

**स्रोत:** *School Survey 2082*

*तालिका नं १३ दिवाखाजा, स्वास्थ्य तथा सरसफाई, बाल क्लब र करेसाबारी तथा बगैंचा व्यवस्थापन*

| विद्यालयको नाम | बाल क्लब तथा अन्य समुहहरु निर्माणको अवस्था | विद्यालयमा करेसाबारी तथा बगैंचा व्यवस्थापन | मेनु सहितको दिवा खाजाको व्यवस्था | दिवाखाजा बनाउने कक्ष | किशोरीहरुको लागि सेनिटरी प्याडको व्यवस्था | विद्यालयमै स्वास्थ्य परीक्षणको व्यवस्था | विद्यालय नर्सको व्यवस्था | प्राथमिक उपचार बक्सको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| श्री पार्वती कुण्ड माध्यमिक विद्यालय | भएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | भएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| श्री हाकु माध्यमिक विद्यालय | भएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| श्री हाकुबेसी आधारभूत विद्यालय | नभएको | नभएको | भएको | नभएको | भएको | नभएको | नभएको | नभएको |
| श्री ग्रे माध्यमिक विद्यालय | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | नभएको | नभएको |
| श्री सरस्वती आधारभूत विद्यालय | नभएको | नभएको | भएको | नभएको | भएको | नभएको | नभएको | नभएको |
| श्री पाजुङ प्राथमिक विद्यालय | नभएको | नभएको | भएको | नभएको | आवश्यक नभएको | नभएको | नभएको | नभएको |
| श्री पार्वतीकुण्ड प्राथमिक विद्यालय | नभएको | नभएको | भएको | नभएको | | नभएको | नभएको | नभएको |
| श्री गोसाइकुण्ड प्राथमिक विद्यालय | नभएको | नभएको | भएको | नभएको | | नभएको | नभएको | नभएको |
| श्री गोङगाङ प्राथमिक विद्यालय | नभएको | नभएको | भएको | नभएको | | नभएको | नभएको | नभएको |
| श्री तातोपानी प्राथमिक विद्यालय | नभएको | नभएको | भएको | नभएको | | नभएको | नभएको | नभएको |
| श्री ङ्यान ज्योती प्राथमिक विद्यालय | नभएको | नभएको | भएको | नभएको | | नभएको | नभएको | नभएको |

**स्रोत:** *School Survey 2082*

## कक्षागत वार्षिक औसत विद्यार्थी उपस्थिति विवरण

*तालिका नं  १४  कक्षागत वार्षिक औसत विद्यार्थी उपस्थिति विवरण*

| कक्षा | ECD | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **१७८** | **१५५** | **१७२** | **१३४** | **१५३** | **१६६** | **१६८** | **१५५** | **१५४** | **१५०** | **१८६** |
| गोङगाङ प्रावि | १८१ | ९१ | | | | | | | | | |
| गोसाइकुण्ड प्रावि | १८१ | १८० | १८४ | ९१ | ९२ | १८३ | | | | | |
| ग्रे मावि | १८५ | १९६ | १८६ | १९२ | १९१ | १९५ | १८९ | १९३ | १८६ | १८५ | |
| ज्ञान ज्योति प्रावि | १४२ | १९१ | १५६ | १०५ | | | | | | | |
| हाकुवेसी आवि | १८४ | १९२ | १८८ | १८७ | १९० | ९५ | १९० | ९५ | १४३ | | |
| हाकु मावि | १८६ | १९२ | १८६ | १८६ | १८५ | १८७ | १८७ | १८७ | १८७ | १८७ | ० |
| नेपाल राष्ट्रिय मावि | १९६ | १५८ | १६५ | ९४ | ९९ | १९८ | ९९ | ९९ | ५० | ५० | १९८ |
| पाजुङ प्रावि | १६१ | १४३ | ११० | ८२ | १४९ | | | | | | |
| पार्वतीकुण्ड प्रावि | १८८ | ० | १९२ | ९५ | ९७ | ९१ | | | | | |
| पार्वतीकुण्ड मावि | १८१ | १७० | १७७ | १८५ | १९२ | १८४ | १७० | १७६ | १८० | १७८ | १७३ |
| सरस्वति आवि | १७९ | १७४ | १७६ | ८७ | १६१ | १८५ | १७६ | १७८ | १७७ | | |
| तातोपानी प्रावि | १७७ | १७२ | १७४ | १७६ | १७८ | १७५ | | | | | |

*तालिका नं १५ विद्यालय सुशासन सम्बन्धी विवरण*

| विवरण | विद्यालय संख्या |
|---|---|
| विद्यालयको बार्षिक बजेट निर्माण गर्ने | ० |
| सामाजिक परीक्षण सम्पन्न गर्ने | १० |
| गत वर्ष सम्मको आर्थिक लेखा परीक्षण सम्पन्न गर्ने | १२ |
| विद्यालय सुधार योजना अध्यावधिक गर्ने | १० |
| जिन्सी खाता तथा अन्य सबै खाता अद्यावधिक राख्ने | ५ |
| छात्रवृत्ति वितरण गर्ने | १२ |
| विद्यालयको बार्षिकोत्सव मनाउने | ३ |

**स्रोत:** *School Survey 2082*

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

### क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण

यस गाउँपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरू विकास हुन सकेका छैनन् । समुदायको जनसङ्ख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनु पर्ने देखिन्छ भने विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको व्यवस्था र विषयगत शिक्षकको व्यवस्था गर्नुका साथै तहगत इन्चार्जको व्यवस्था समेत गर्नुपर्ने आवश्यकता रहेको छ ।

विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोके बमोजिमका न्यूनतम् सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, दुर्गम तथा भौगोलिक बनावटका कारण शिक्षामा सूचना तथा सञ्चार प्रविधिको दिगो पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु, विद्यार्थी नियमित विद्यालय नआउनु, विद्यार्थी अनुशासनमा कमजोर हुनु, अभिभावकहरूको शैक्षिक चेतना न्यून हुनु, शिक्षालाई जागिरको अवसरसँग मात्र जोड्नु आदिलाई यस गाउँपालिकाको शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

**मुख्य समस्या :**

**विद्यालय शिक्षामा सबै बालबालिकालाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु**

**कारणहरू:**

१. भौगोलिक तथा भौतिक पहुँचको समस्या

- विद्यालयहरू टाढा तथा दुर्गम स्थानमा हुनु
- अपाङ्गता भएका बालबालिकाका लागि पहुँच योग्य पूर्वाधारको अभाव
- यातायात सुविधा नहुनु

२. आर्थिक तथा सामाजिक अवरोध

- गरिबी तथा अशिक्षाका कारण विद्यालय नियमितता नहुनु
- बालबालिकालाई घरेलु काममा लगाउने प्रवृत्ति

३. शिक्षक तथा सिकाइको कमजोरी

- शिक्षकको नियमितता र दक्षता कमजोर
- बालमैत्री सिकाइ वातावरणको अभाव
- विषयगत शिक्षकको अभाव

४. पाठ्यक्रम तथा सिकाइ सामग्रीको समस्या

- स्थानीय सन्दर्भ अनुकूल पाठ्यक्रमको अभाव
- सिकाइ सामग्रीको पहुँच र प्रयोगमा असमानता

५.अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर

- विद्यार्थीको उपस्थिति, सिकाइ उपलब्धि ट्र्याक गर्न प्रभावकारी प्रणालीको अभाव


६. विद्यालय व्यवस्थापन तथा अभिभावक सहभागिता कमी

- विद्यालय व्यवस्थापन समिति सक्रिय नहुनु
- अभिभावकको शिक्षा प्रतिको चासो न्यून

**परिणामहरू (Effects):**

- विद्यालय बाहिर रहेका बालबालिकाको संख्या बढ्न सक्ने
- सिकाइ उपलब्धि कमजोर, कक्षा दोहोरिने दर उच्च हुने
- सामाजिक असमानता
- दीर्घकालीन रूपमा मानव विकास सूचकांक (**HDI**) मा असर
- शिक्षा प्रणालीप्रति विश्वासमा गिरावट

**Problem Tree 1:**



**मुख्य समस्याः**

**गुणस्तरीय, व्यवसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरूको विकास हुन नसक्नु**

**कारणहरूः**

१. व्यवस्थापकीय कमजोरी

- जनसङ्ख्याको आधारमा विद्यालयको समानुपातिक वितरण नभएको
- विद्यार्थी–शिक्षक अनुपात असन्तुलित
- विषयगत शिक्षकको दरबन्दी नहुनु
- तहगत प्रधानाध्यापकको अभाव

२. सिकाइको कमजोरी

- पाठ्यक्रम अनुसार सिकाइ उपलब्धि हासिल गर्न नसक्नु
- स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु
- वैकल्पिक सिकाइको कार्यान्वयन कमजोर

३. बालमैत्री वातावरणको अभाव

- बालमैत्री विद्यालय निर्माणमा कमजोरी
- सिकाइ वातावरणमा सुधार नहुनु

४. प्रविधिको पहुँचको समस्या

- दुर्गम भौगोलिक बनावटका कारण **ICT** पहुँच कमजोर
- सूचना तथा सञ्चार प्रविधिको दिगो कार्यान्वयन नहुनु

५. पूर्वाधारको कमजोरी

- उपयुक्त भौतिक पूर्वाधारको विकास नहुनु (भवन, शौचालय, पुस्तकालय आदि)

६. समावेशीता र पहुँचको कमी

- सबै बालबालिकालाई शिक्षा पहुँच र सहभागिता सुनिश्चित गर्न नसक्नु
- साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षाका अवसरको अभाव

७. शिक्षा र रोजगारीको सम्बन्ध


- शिक्षालाई केवल जागिरसँग मात्र जोड्ने प्रवृत्ति

**परिणामहरूः**

- विद्यार्थीको सिकाइ उपलब्धि कमजोर
- विद्यालयमा नियमितता, अनुशासन र सहभागिता घट्दो
- शिक्षा प्रणाली प्रति समुदायको विश्वास घटने
- बेरोजगारी दर उच्च, सीपयुक्त जनशक्ति अभाव
- सामाजिक–आर्थिक विकासमा अवरोध

- शिक्षा प्रणालीले जीवनोपयोगी सीप र व्यवहारिक ज्ञान दिन नसक्ने अवस्था

**Problem Tree2:**




**मुख्य समस्या:**

**पाठ्यक्रमले तोकेको बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु**

**कारणहरू:**

१. शिक्षकको दक्षता तथा विषयगत कमजोरी

- विषयगत शिक्षकको दरबन्दी नहुनु
- शिक्षकहरूलाई पाठ्यक्रमको गहिरो बुझाइ नहुनु
- तालिमको अभाव वा अद्यावधिक तालिम नपाउनु

२. सिकाइ सामग्री तथा स्रोतको अभाव

- पाठ्यपुस्तक ढिलो पुग्ने वा अपुग हुने
- सहायक सिकाइ सामग्री (ICT, प्रयोगशाला, पुस्तकालय) को अभाव
- स्थानीय सन्दर्भ अनुकूल सामग्रीको कमी

३. सिकाइ वातावरण कमजोर

- बालमैत्री वातावरणको अभाव
- कक्षा कोठा भीडभाडयुक्त वा अव्यवस्थित
- शिक्षक–विद्यार्थी अन्तरक्रिया कमजोर

४. मूल्याङ्कन प्रणालीको कमजोरी

- सिकाइ उपलब्धि मापन गर्ने प्रभावकारी प्रणालीको अभाव
- निरन्तर मूल्याङ्कन (CCE) को कार्यान्वयन कमजोर

५. समय व्यवस्थापन तथा पाठ योजना कमजोर

- पाठ्यक्रम अनुसार समय व्यवस्थापन नहुनु

- वार्षिक कार्यतालिका र पाठ योजना प्रभावकारी रूपमा नबनाइनु


६. अभिभावक तथा समुदायको सहभागिता न्यून

- सिकाइमा अभिभावकको चासो र समर्थनको कमी
- गृहकार्य वा अतिरिक्त अभ्यासमा सहयोग नहुनु

**परिणामहरू:**

- विद्यार्थीको आधारभूत सिप (पढ्न, लेख्न, गणना) कमजोर
- कक्षा दोहोरिने दर उच्च, परीक्षा परिणाम कमजोर
- उच्च तहमा सिकाइ अन्तराल बढ्दो
- शिक्षा प्रणालीप्रति विश्वासमा गिरावट
- दीर्घकालीन रूपमा सीपयुक्त जनशक्ति निर्माणमा बाधा

**Problem Tree 3**




**मुख्य समस्या: बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु**

**कारणहरू:**

१. शिक्षकको व्यवहार कुशल सीप तथा तालिम अभाव

- बालमैत्री शिक्षण विधिको ज्ञान र प्रयोगको कमी
- शिक्षकको व्यवहारमा कठोरता वा असंवेदनशीलता
- बाल अधिकार र समावेशी शिक्षाको अवधारणामा अस्पष्ट

२. विद्यालयको भौतिक संरचना कमजोर

- अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयोग्य पूर्वाधारको अभाव
- तह अनुसारका खेलकुद, पुस्तकालय, शौचालय, खानेपानी जस्ता सुविधाको कमी

३. सिकाइ सामग्री तथा गतिविधिको अभाव

- बालमैत्री सिकाइ सामग्रीको अभाव

- गतिविधि आधारित शिक्षण विधि प्रयोग नगर्नु
- स्थानीय सन्दर्भ अनुकूल सामग्रीको कमी

४. अभिभावक तथा समुदायको सहभागिता न्यून

- विद्यालय वातावरणमा अभिभावकको चासो कम
- बालबालिकाको मनोवैज्ञानिक अवस्था बुझ्न असमर्थता
- समुदायको शिक्षा प्रतिको दृष्टिकोण परम्परागत


५. विद्यालय व्यवस्थापन तथा अनुगमन कमजोर

- बालमैत्री विद्यालय निर्माणका लागि स्पष्ट मापदण्डको अभाव
- विद्यालय व्यवस्थापन समिति सक्रिय नहुनु
- अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर

**परिणामहरू:**

- बालबालिकाको विद्यालयप्रतिको आकर्षण घट्ने
- सिकाइमा रुचि र सहभागिता न्यून हुने
- विद्यालय छाड्ने दर बढ्ने
- दीर्घकालीन रूपमा सिकाइ उपलब्धिमा गिरावट हुने

**Problem Tree 4**




**मुख्य समस्या: विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु**

**कारणहरू:**

१. नीति तथा योजना सम्बन्धी कमजोरी

- शिक्षक दरबन्दी निर्धारणमा स्पष्ट मापदण्डको अभाव
- जनसंख्या, भौगोलिकता, र विद्यालयको स्तरअनुसार दरबन्दी नतोकिनु
- विषयगत आवश्यकताको मूल्याङ्कन नगरी दरबन्दी निर्धारण

२. तथ्याङ्क तथा मानव संसाधन व्यवस्थापन कमजोर

- विद्यालयस्तरको शिक्षक आवश्यकता सम्बन्धी अद्यावधिक तथ्याङ्कको अभाव
- शिक्षकको विषयगत योग्यता र दक्षताको अभिलेख व्यवस्थापन कमजोर
- स्थानान्तरण तथा पदस्थापनमा पारदर्शिता नहुनु

३. विद्यालय व्यवस्थापन तथा अनुगमन कमजोर

- विद्यालय व्यवस्थापन समितिको क्षमता कमजोर
- शिक्षकको उपस्थिति, कार्यसम्पादन, र विषयगत जिम्मेवारीमा अनुगमनको कमी
- स्थानीय तहको शिक्षा शाखामा जनशक्ति तथा स्रोतको अभाव

४. शिक्षकको उपलब्धता तथा आकर्षण कम

- दुर्गम क्षेत्रका विद्यालयमा शिक्षक जान नचाहनु
- विषयगत दक्ष शिक्षकको अभाव (जस्तै गणित, विज्ञान, अंग्रेजी)
- अस्थायी वा करार शिक्षकको उच्च दर, स्थायित्वको कमी

५. बजेट तथा स्रोतको अभाव

- शिक्षक दरबन्दीका लागि पर्याप्त बजेट नहुनु
- केन्द्र र स्थानीय तहबीच समन्वयको कमी
- शिक्षकको तलब, तालिम, र प्रोत्साहनका लागि स्रोतको अभाव

**परिणामहरू (Effects):**

- कक्षा सञ्चालनमा अवरोध, सिकाइमा गिरावट
- विषयगत सिकाइ उपलब्धिमा कमी
- शिक्षकमा कार्यभारको असमानता, तनाव
- विद्यार्थीको सिकाइमा असमानता र असन्तुष्टि
- दीर्घकालीन रूपमा शिक्षा गुणस्तरमा गिरावट

**Problem Tree 5**




**मुख्य समस्या:**

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिको दिगो पहुँच नहुनु तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु**

**कारणहरू:**

१. नीति तथा रणनीतिक कमजोरी

- **ICT** शिक्षा सम्बन्धी स्पष्ट कार्यान्वयन रणनीति नहुनु
- स्थानीय सन्दर्भअनुसार **ICT** नीति नबनाइनु
- दीर्घकालीन बजेट तथा स्रोत सुनिश्चितता नहुनु

२. पूर्वाधारको अभाव

- कक्षाकोठामा कम्प्युटर, इन्टरनेट, र विद्युतीय उपकरणको कमी
- **ICT** प्रयोगका लागि सुरक्षित र उपयुक्त कक्षा कोठा नहुनु

३. शिक्षकको दक्षता तथा तालिमको कमी

- **ICT** प्रयोग सम्बन्धी शिक्षकको सीप र आत्मविश्वास कमजोर
- तालिमको अभाव वा एकपटकको तालिमपछि निरन्तर अभ्यास नहुनु
- **ICT** सामग्रीलाई पाठ योजनामा समावेश गर्ने क्षमता कमजोर

४. सिकाइ सामग्री तथा प्रणालीको कमजोरी

- स्थानीय भाषामा **ICT** आधारित सिकाइ सामग्रीको अभाव
- सिकाइ मूल्याङ्कन प्रणालीमा **ICT** को प्रयोग नगर्नु


५. विद्यालय व्यवस्थापन तथा अनुगमन कमजोर

- **ICT** उपकरणको संरक्षण, प्रयोग र व्यवस्थापनमा कमजोरी
- **ICT** प्रयोगको अनुगमन तथा प्रोत्साहन प्रणालीको अभाव
- विद्यालय व्यवस्थापन समितिको **ICT** सम्बन्धी कमजोर बुझाइ

परिणामहरू:

- विद्यार्थीको डिजिटल साक्षरतामा कमी
- **ICT** आधारित शिक्षण–सिकाइको अवसर गुम्नु
- सिकाइमा नवीनता र आकर्षणको अभाव
- शिक्षक र विद्यार्थी दुवैमा प्रविधिप्रति असहजता

**Problem Tree 6**



**मुख्य समस्या: वैकल्पिक सिकाइलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु**

**कारणहरू:**

१. नीति तथा रणनीतिक कमजोरी

- स्थानीय सन्दर्भअनुसार अनुकूलन नहुनु
- दीर्घकालीन योजना तथा बजेट सुनिश्चितता नहुनु

२. सिकाइ सामग्री तथा माध्यमको कमजोरी

- रेडियो, टेलिभिजन, मोबाइल एप्स, वा प्रिन्ट सामग्रीको पहुँच सीमित
- सामग्रीको गुणस्तर, सान्दर्भिकता, र भाषागत अनुकूलता कमजोर
- बालमैत्री र स्तरअनुसारको सामग्रीको अभाव

३. शिक्षक तथा अभिभावकको भूमिका अस्पष्ट

- शिक्षकको वैकल्पिक सिकाइमा भूमिका स्पष्ट नहुनु
- अभिभावकलाई सिकाइ सहायकको रूपमा परिचालन गर्न नसक्नु
- तालिम तथा मार्गनिर्देशनको अभाव

४. प्रविधि तथा पहुँचको असमानता

- ग्रामीण तथा विपन्न समुदायमा डिजिटल पहुँचको कमी
- डिजिटल साक्षरताको कमी


५. अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर

- सिकाइको प्रगति ट्र्याक गर्ने प्रणालीको अभाव
- विद्यार्थीको संलग्नता र उपलब्धिको मूल्याङ्कन नगर्नु
- स्थानीय तहबाट अनुगमन तथा सहजीकरण कमजोर

**परिणामहरू:**

- विपद्को समयमा शिक्षा पहुँचबाट बालबालिका वञ्चित हुन सक्ने
- सिकाइमा असमानता र गुणस्तर गिरावट हुने
- **SDG 4** को लक्ष्य प्राप्तिमा अवरोध

**Problem Tree 7**



**मुख्य समस्या: साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु**

**कारणहरू (Root Causes):**

१. नीति तथा योजना कमजोर

- जीवनपर्यन्त शिक्षालाई प्राथमिकतामा नराख्नु
- साक्षरता कार्यक्रमको दीर्घकालीन योजना अभाव
- स्थानीय तहमा शिक्षा नीति कार्यान्वयनको कमजोरी

२. कार्यक्रम तथा सामग्रीको अभाव

- वयस्क तथा निरन्तर शिक्षाका लागि उपयुक्त पाठ्यक्रमको कमी
- स्थानीय भाषामा सामग्रीको अभाव
- व्यवहारिक तथा जीवन–सीपमा आधारित कार्यक्रमको कमी

३. जनशक्ति तथा तालिमको कमजोरी

- वयस्क शिक्षा प्रशिक्षकको अभाव
- तालिम प्राप्त जनशक्तिको पहुँच सीमित

४. पहुँच तथा पूर्वाधार कमजोर

- ग्रामीण तथा विपन्न समुदायमा कार्यक्रम नपुगेको
- सिकाइ केन्द्रको अभाव वा अस्थायित्व
- समय, स्थान, र लचीलापन नहुनु

५. सामाजिक तथा सांस्कृतिक अवरोध

- वयस्क शिक्षाप्रति समाजको रुचि र मान्यता कमजोर
- शिक्षाको आवश्यकता सम्बन्धी बुझाइ सीमित

६. बजेट तथा स्रोतको अभाव

- साक्षरता र निरन्तर शिक्षाका लागि पर्याप्त बजेट नहुनु
- दातृ निकाय वा सरकारी स्रोतको अस्थिरता
- कार्यक्रम सञ्चालनका लागि स्रोत परिचालनमा कठिनाइ

**परिणामहरू:**

- वयस्क तथा युवाहरू साक्षरता शिक्षाको पहुँचबाट वञ्चित
- जीवन–सीप, रोजगारी, र सामाजिक सशक्तिकरणमा कमी
- महिलाहरू, दलित, जनजाति लगायत समावेशी समूहको सशक्तिकरण कमजोर
- सामाजिक रूपान्तरणको गति सुस्त
- **SDG 4.6** (साक्षरता) को लक्ष्य प्राप्तिमा अवरोध

**Problem Tree 8**




## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

**Strength (सबलता)**

- शिक्षकहरूको स्थानीय अनुभव र समुदायसँगको सम्बन्ध राम्रो हुनु
- समुदायमा शिक्षा प्रतिको बढ्दो चासो
- विद्यालयमा आधारभूत पूर्वाधार (भवन, शौचालय, खानेपानी) को बढ्दो उपलब्धता
- स्थानीय सरकारको शिक्षा सुधारमा प्रतिबद्धता तथा लगानी
- शिक्षा सम्बन्धी नीति नियम तर्जुमा हुनु
- स्थानीय पाठ्यक्रम तथा सन्दर्भ सामग्री निर्माण हुनु

**Weaknesses (दुर्बलता)**

- विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनु
- शिक्षक तथा विद्यार्थीको नियमितता कमजोर
- विषयगत शिक्षकको अभाव हुनु
- तालिम अप्राप्त तथा **ICT** मा कमजोर शिक्षकहरूको संख्या उच्च हुनु
- विद्यार्थीहरूले विद्यालय पोशाक नलगाउने प्रवृत्ति
- अनुशासनको समस्या र बालमैत्री वातावरणको अभाव
- आवश्यकताको आधारमा शिक्षा बजेट सीमित हुनु

**Opportunities (अवसर)**

- सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी बजेट तथा कार्यक्रम ल्याउने सम्भावना
- **ICT** को पहुँच वृद्धि गरेर सिकाइ प्रवर्द्धन गर्ने सम्भावना
- स्थानीय पाठ्यक्रम विकास र मातृभाषामा शिक्षणको अवसर
- अभिभावक र समुदायसँग सहकार्य गरेर नियमितता र अनुशासन सुधार गर्ने सम्भावना
- निजी क्षेत्र तथा सरकारी गैरसरकारी संस्थाहरूसँग साझेदारी गरेर पोशाक, तालिम र सामग्री व्यवस्थापन

**Threats (खतरा)**

- जनसङ्ख्या घट्दो दरमा हुनु र मानिसहरू अवसरको खोजिमा गाउँबाट शहर तर्फ पलायन हुदाँ विद्यार्थी अभाव हुन सक्ने
- जलवायु तथा मौसमजन्य चुनौती (विभिन्न विपद जन्य घटनाहरू हुन सक्ने)
- समयानुकुल आर्थिक अवस्था कमजोर हुँदा विद्यार्थी विद्यालयबाट टाढा हुने सम्भावना
- निजी विद्यालयतर्फको आकर्षण बढ्न सक्नु
- शिक्षकहरू स्थानान्तरण हुन खोज्ने र विद्यार्थीको सङ्ख्या कमी हुँदा शिक्षक दरबन्दी कटौती हुन सक्ने
- शिक्षा क्षेत्रप्रति दीर्घकालीन लगानीको अभाव

✠

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

शिक्षा योजना निर्माणको क्रममा महत्त्वपूर्ण भागका रूपमा यस परिच्छेद रहेको छ। विद्यालय शिक्षा क्षेत्र योजना (**SESP**) को अवधिभित्र गाउँपालिकाको शिक्षा क्षेत्र के कस्तो हुने भन्ने कुराको प्रतिविम्बन यस भागमा रहेको छ। यस परिच्छेदमा योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य मुख्य कार्यसम्पादन सूचकको लक्ष्य निर्धारणका गर्ने कार्य यस परिच्छेदमा गरिएको छ।

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

यस खण्डमा गाउँपालिकाको शैक्षिक योजना कार्यान्यनबाट केके प्राप्त गर्ने तथा के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा उल्लेख गरिनेछ। जसको लागि शैक्षिक योजनाको लक्ष्य निर्धारण गर्नु पर्छ तर यी कार्य गर्नुपूर्व तथा कार्यको दौरानमा उल्लिखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गर्नु अनिवार्य हुन्छ। यसका लागि उपलब्ध नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई यसप्रकार प्रस्तुत गरिएको छ।

#### २.१.१ संवैधानिक प्रावधान

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ

४. दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**धारा ५१ राज्यका नीति: (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति:**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

४. यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५ धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २ धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

### २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

**दफा ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्ने:**

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्नेछ ।

२. योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ ।

३. योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्नेछः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

४. योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

५. अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

(क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने।

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार (क) सामुदायिक सिकाई केन्द्र, (ख) आधारभूत प्रौढ शिक्षा, (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३ )

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने: (क) विद्यार्थी भर्ना शुल्क, (ख) मासिक पढाइ शुल्क, (ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२ दूरदृष्टि

**"सामुदायिक सहभागिता, संस्कृतिको सम्मान, मानवीय संसाधन र प्रविधिको उपयोगद्वारा सबैका लागि समान अवसरयुक्त गुणस्तरिय शिक्षा प्रवाह गर्ने"**

## २.३ लक्ष्य

आधुनिक प्रविधियुक्त शिक्षाको लागि पूर्वाधार सम्पन्न विद्यालय र शिक्षाका विभिन्न सूचकाङ्कहरूलाई समेट्दै समतामूलक पहुँच सहितको गुणस्तरिय शिक्षामा अभिवृद्धि गरि विश्व परिवेशमा प्रतिस्पर्धी नागरिक तयार गर्ने ।

## २.४ उद्देश्य

शिक्षालाई अधिकारको रूपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सू निश्चिततासहित समावेशिताको प्रवर्धन गरी शिक्षित जनशक्ति निर्माण गर्नका साथै दीर्घकालीन सोच र लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. आधारभूत शिक्षामा सबैको सहज एवम् समतामुलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तर युक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभुति गर्नु ।
३. माध्यमिक शिक्षालाई निःशुल्क, समतामूलक पहुँच र गुणस्तरिय बनाइ उच्च शिक्षाको आधार तयार गर्ने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु ।
५. निरन्तर तथा जीवन पर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने ।
६. शैक्षिक प्रणाली व्यवस्थापनमा सूचना प्रविधि युक्त बनाउने ।
७. सबै बालबालिकाहरूलाई बालमैत्री वातावरणमा शिक्षण सिकाइमा सहभागी गराउने ।
८. विद्यालय तहको शिक्षालाई स्थानीय मूल्य मान्यता, भाषा संस्कृति र परम्परागत प्रविधि र सीप विकासको आधारशिला तयार गर्ने ।
९. विद्यालयहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
१०. गाँउपालिका भित्र सबै विद्यालयहरूमा आपत्कालिन तथा सङ्कट पूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

## २.५ रणनीति

उल्लिखित उद्देश्यहरू पूरा गर्न देहाय बमोजिमका रणनीतिहरू तय गरिएको छ।

| उदेश्य नं | क्र.स. | रणनीतिहरू |
|---|---|---|
| १ | १.१ | उपयुक्त पूर्वाधारसहितको बाल मैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बाल-विकासको अवसर विस्तार गर्ने। |
| | १.२ | न्यूनतम मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बाल-विकास केन्द्रहरूलाई स्थापना र व्यवस्थापन गर्ने। |
| | १.३ | भौगोलिक अवस्था, जनसंख्याको वितरण र बसाइँ सराइको प्रवृत्तिको आधारमा वाल विकास केन्द्रलाई स्थानान्तरण तथा समायोजन गर्ने। |
| | १.४ | बाल-विकास केन्द्रमा न्यूनतम सिकाई सामग्री र सूचना तथा सञ्चार प्रविधि सहितको कक्षाकोठा व्यवस्थापन गर्ने। |
| | १.५ | बाल-विकास शिक्षकको शैक्षिक योग्यतालाई पुनरावलोकन गर्ने। |
| | १.६ | भौगोलिक नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनः वितरण गरी सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँच र सहभागिताको सुनिश्चित गर्ने। |
| २ | २.१ | आधारभूत तहमा विद्यार्थी सङ्ख्या, विषयगत आवश्यकता र शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन गर्ने। |
| | २.२ | सङ्घ र प्रदेश तहको सहकार्य र समन्वयमा विद्यालयहरूको भौतिक पूर्वाधार, मानव संसाधन व्यवस्थापन गर्ने। |
| | २.३ | भर्ना भएका सबै बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्ने वातावरण सृजना गर्ने। |
| | २.४ | विद्यालयको लागत विश्लेषणको आधारमा विद्यालय तहको सम्पूर्ण लगानीमा स्थानीय तहलाई जिम्मेवार बनाइ आधारभूत तहलाई निःशुल्क गर्ने। |
| ३ | ३.१ | भौगोलिक नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनः वितरण गरी सबै बालबालिकाको माध्यमिक शिक्षामा पहुँच र सहभागिताको सुनिश्चित गर्ने। |
| | ३.२ | माध्यमिक तहमा विद्यार्थी संख्या, विषयगत आवश्यकता र शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन गर्ने। |
| | ३.३ | संघ र प्रदेश तहको सहकार्य र समन्वयमा विद्यालयहरूको भौतिक पूर्वाधार, मानव संसाधन व्यवस्थापन गर्ने। |
| | ३.४ | भर्ना भएका सबै बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्ने वातावरण सृजना गर्ने। |
| | ३.५ | विद्यालयको लागत विश्लेषणको आधारमा विद्यालय तहको सम्पूर्ण लगानीमा स्थानीय तहलाई जिम्मेवार बनाई माध्यमिक तहलाई निःशुल्क गर्ने। |
| | ३.६ | माध्यमिक तहलाई व्यवहारिक तथा जीवन उपयोगी बनाउन पढ्दै कमाउँदै र कमाउँदै पढ्दै वातावरण तयार गर्ने |
| ४ | ४.१ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई माग र आवश्यकताको आधारमा पहुँच तथा समता मूलक सहभागिता सुनिश्चित गर्ने। |

| उदेश्य नं | क्र.स. | रणनीतिहरू |
|---|---|---|
| ५ | ५.१ | वैकल्पिक प्रणाली सहजिकरण गर्न सामुदायिक सिकाई केन्द्रहरूको पुनर्वितरण तथा कार्य क्षमतामा सबलीकरण गर्ने। |
| | ५. २ | निरन्तर तथा जीवन पर्यन्त सिकाइलाई सुनिश्चित गर्न आधुनिक सूचना प्रविधिको उपयोग गर्ने। |
| | ५.३ | अनौपचारिक तथा निरन्तर शिक्षामा निजी तथा गैह्र सरकारी सङ्घ संस्थासँग सहकार्य गर्ने |
| ६ | ६.१ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई आधुनिक सूचना प्रविधिसँग जोडी एकीकृत गर्ने |
| ७ | ७.१ | विद्यालय शिक्षालाई समावेशी, समतामूलक, दण्डरहित, विभेद रहित र भय मुक्त वातावरण सृजना गरि वाल मैत्री विद्यालय बनाउने। |
| ८ | ८.१ | स्थानीय तहमा निर्माण गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई स्थानीय परिवेश, भाषा संस्कृति मूल्य मान्यता र आवश्यकता अनुकूल बनाउने। |
| ९ | ९.१ | विद्यार्थीको नतिजा प्रति शिक्षकलाई जबाफदेही बनाउने। |
| | ९.२ | विद्यालय व्यवस्थापन तथा सञ्चालनमा सरोकारवाला तथा समुदायको संलग्नता अभिवृद्धि गर्ने। |
| | ९.३ | निजी लगानीमा सञ्चालित शैक्षिक संस्थाहरूलाई सेवा मूलक बनाउने |
| १० | १०.१ | विद्यालयमा हुन सक्ने विपद् तथा जोखिमहरू न्यूनिकरणका लागि पूर्व तयारी प्रतिकार्य तथा पुन स्थापन गर्ने। |
| | १०.२ | आपत्कालिन अवस्थामा शैक्षिक क्रियाकलापको निरन्तरता र वैकल्पिक माध्यमहरू पहिचान गर्ने। |
| | १०.३ | सुरक्षित विद्यालय तथा विद्यालय शान्ति क्षेत्र स्थापना गर्ने। |

## २.६ कार्यनीति

| रणनीति नं | कार्य नीति |
|---|---|
| १.१ | • विद्यालयको सेवा क्षेत्र निर्धारण गरि सेवा क्षेत्रमा रहेका सम्पूर्ण बालबालिकालाई बाल-विकास केन्द्रमा भर्ना गर्ने।<br>• बाल-विकास केन्द्रमा खेल, सिकाई तथा मनोरञ्जनका सामग्री व्यवस्थापन गर्ने। |
| १.२ | • समुदायको आवश्यकताको आधारमा नयाँ बाल-विकास केन्द्रको स्थापना गर्ने।<br>• बाल-विकास केन्द्रको कक्षा सञ्चालनको न्यूनतम भौतिक मापदण्ड निर्माण गरि कार्यान्वयन गर्ने। |
| १.३ | • भौगोलिक कठिनाइ, बालबालिका बाल-विकास केन्द्र सम्म पुग्न लाग्ने समयको आधारमा समायोजन तथा स्थानान्तरण गर्ने।<br>• प्रत्येक विद्यालयमा कम्तीमा एउटा बाल-विकास केन्द्रको सु निश्चितता गर्ने। |
| १.४ | • प्रत्येक बाल-विकास केन्द्रमा न्यूनतम मापदण्ड बमोजिमका सिकाई सामाग्री उपलब्ध गराउने<br>• प्रत्येक बाल-विकास केन्द्रमा स्मार्ट टिभि लगायत सूचना प्रविधिका सामाग्रीहरूको व्यवस्थापन गर्ने। |

| रणनीति नं | कार्य नीति |
|---|---|
| १.५ | • बाल-विकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता क्रमशः रूपमा प्रवीणता प्रमाणपत्र तह बनाउने<br>• बाल-विकास शिक्षकहरूलाई माग तथा आवश्यकताका आधारमा पेशागत विकास तालिम तथा पुनर्ताजगी तालिम उपलब्ध गराउने। |
| १.६ | • जनसंख्या वितरण वसाईसराईको प्रविधि तथा भौगोलिक दुरीका आधारमा विद्यालय मिलान<br>• विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने।<br>• GIS लोकेसन सर्वेक्षण गर्ने।<br>• सम्पूर्ण सरोकारवालासँग छलफल तथा सहकार्य गर्ने। |
| २.१ | • विद्यालयको विषयगत दरवन्दी तेरिज कायम गर्ने<br>• दोहोरिएका विषयको स्थानान्तरण गर्ने<br>• विषयगत रूपमा शिक्षक दरबन्दी कम भएमा गाउँपालिकाले थप शिक्षक<br>• व्यवस्थापन अनुदान उपलव्ध गराउने<br>• विद्यार्थी संख्या, विषयगत आवश्यकताका आधारमा दरबन्दी मिलान गर्ने |
| २.२ | • स्थानीय आवश्यकता र प्राथमिकताको आधार स्रोत तथा जनशक्ति व्यवस्थापनमा सहकार्य गर्ने<br>• विद्यालय भवन, कक्षाकोठा जस्ता भौतिक पूर्वाधार वितरण गर्दा स्थानीय तहको सिफारिस तथा निर्णयको आधारमा गर्ने |
| २.३ | • विद्यालयको सिकाइ क्रियाकलापलाई वाल मैत्री बनाउने।<br>• दिवा खाजा, नियमित स्वास्थ्य परीक्षण जस्ता कार्यक्रम नियमित र समयवद्द रूपमा सञ्चालन गर्ने<br>• अभिभावक सचेतना मूलक अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने<br>• कमजोर आर्थिक अवस्थाका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न छात्रवृत्ति तथा आर्थिक सहयोगको कार्य गर्ने |
| २.४ | • शैक्षिक लगानीको एकिन गरि विद्यालयमा खर्च हुने परीक्षा, पानी तथा विद्युत महसुल गाउँपालिकाले उपलब्ध गराउने<br>• शिक्षक व्यवस्थापनमा शिक्षण सहयोग उपलब्ध गराउने |
| ३.१ | • जनसंख्या वितरण बसाँईसराईको प्रविधि तथा भौगोलिक दूरीका आधारमा विद्यालय मिलान<br>• विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने<br>• GIS लोकेसन सर्वेक्षण गर्ने<br>• सम्पूर्ण सरोकारवालासँग छलफल तथा सहकार्य गर्ने |
| ४.१ | • स्थानीय आवश्यकता तथा युवाहरूको माग अनुसारका छोटा तथा सिपमुलक तालिम सञ्चालन गर्ने<br>• विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीका लागि सिम मूलक कार्यक्रम सञ्चालन गर्ने<br>• विशेष तथा कठिन समूहका युवाहरूलाई मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने |
| ५.१ | • सामुदायिक सिकाइ केन्द्रको वडा क्षेत्र विभाजन गर्ने |

| रणनीति नं | कार्य नीति |
|---|---|
| | • सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता र पदाधिकारीहरूको क्षमता विकास गर्ने सामुदायिक सिकाई केन्द्रलाई सूचना प्रविधियुक्त बनाउने ।<br>• निरन्तर शिक्षा जीवन पर्यन्त शिक्षाको लागि सामुदायिक पुस्तकालय स्थापना गर्ने |
| ५.२ | • सिकाइका लागि मोवाइल एप्स भिडियो सामग्री, अडियो सामग्रीहरू समुदाय स्तरमा पुर्याउने |
| ५. ३ | • गैर सरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई कार्यमूलक तथा दैनिक जीवनमा आधारित अनौपचारिक शिक्षा सञ्चालन गर्ने |
| ६.१ | • शैक्षिक सूचना प्रणालीको सूचनालाई आवश्यकता अनुसार खण्डिकृत गर्ने<br>• विद्यालयको समग्र शैक्षिक व्यवस्थापनमा इमिस मा आधारित बनाउने<br>• इमिसलाई तथ्य परक र वस्तुपरक बनाउने |
| ७.१ | • स्थानीय राजनितिक दल तथा सरोकारवालाको सहकार्यमा विद्यालय शान्ति क्षेत्र घोषणा गर्ने<br>• विद्यालयको भौतिक संरचना तथा सिकाइ क्रियाकलापहरूलाई बाल मैत्री बनाउने<br>• दण्ड तथा विभेदरहित विद्यालय घोषणा गर्ने<br>• सबैलाई सम्मान विद्यालयको बढ्छ मान भन्ने कार्यक्रम सञ्चालन गर्ने<br>• शिक्षक तालिम मार्फत शिक्षकको क्षमता विकास गर्ने |
| ८.१ | • स्थानीय पाठ्यक्रमलाई समसामयिक परिमार्जन गर्ने<br>• कक्षा १ देखि ८ सम्म प्रत्येक विद्यार्थीलाई स्थानीय पाठ्यक्रम उपलब्ध गराउने<br>• स्थानीय विषयवस्तुको जानकारीको लागि क्षेत्र भ्रमण तथा परियोजनामा आधारित क्रियाकलाप सञ्चालन गर्ने |
| ९.१ | • विद्यार्थीको नतिजाको आधारमा शिक्षकलाई दण्ड र पुरष्कारको व्यवस्था गर्ने<br>• उत्कृष्ट शिक्षकलाई सम्मान गर्ने<br>• विद्यार्थीको सिकाइ हाम्रो पेशाको आधार भन्ने कार्यक्रम संचालन गर्ने<br>• शिक्षक डायरी, दैनिक सिकाइ योजनालाई अनिवार्य गर्ने<br>• कक्षा कोठामा शिक्षक समयलाई सिकाईको आधार बनाउने |
| ९.२ | • शिक्षक अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई नियमित विद्यालयमा उपस्थित हुने वातावरण तयार गर्ने<br>• सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा अभिभावक भेटघाट कार्यलाई समयवद्द गराउने<br>• हाम्रा बालबालिका राम्रो विद्यालय कार्यक्रम सञ्चालन गर्ने<br>• अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने |
| ९.३ | • निजी लगानीमा सञ्चालन भएका विद्यालयलाई सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक विद्यालयसँग सहकार्य गराउने<br>• शिक्षक तथा कर्मचारीको तलव भत्ता नेपाल सरकारले तोके बमोजिम बनाउने<br>• विद्यालयको भौतिक संरचना तथा अन्य पुर्वाधार वाल मैत्री बनाउने<br>• छात्रवृत्ति कम्तीमा १० प्रतिशत पुऱ्याउनुको साथै वितरणलाई पारदर्शी बनाउने<br>• संस्थागत विद्यालयले समेत तोकिए बमोजिमको छात्रवृत्ति उपलब्ध गराउने |
| १०.१ | • विद्यालयमा सुरक्षित, खुला स्थान पहिचान गर्ने |

| रणनीति नं | कार्य नीति |
|---|---|
| | • संरचनागत जोखिम तथा गैर संरचनात्मक जोखिमहरू पहिचान गरि सुधार गर्ने विपद् पूर्व तयारी, पूर्व सूचना प्रणाली तथा अभ्यास जस्ता कार्य सञ्चालन गर्ने विद्यालयका संरचनाहरूलाई उत्थानशील तथा विपद् प्रतिरोधी बनाउने<br>• अन्य सरोकारवाला निकायसँग सहकार्य गर्ने<br>• प्राथमिक उपचार सामग्री तथा अन्य खोज उद्धार सामग्रीहरू व्यवस्था गर्ने<br>• स्थानीय पाठ्यक्रम तथा अन्य शिक्षण क्रियाकलापमा विपद् तथा विपद् जोखिमका विषयवस्तु समेटेर शिक्षण गर्ने |
| १०.२ | • आपत्कालिन अवस्थामा सूचना प्रविधिको उपयोग गरेर शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने<br>• अभिभावक शिक्षा, टोलि सिकाई सहजीकरण तथा अनलाइन कक्षाहरू सञ्चालन गर्ने<br>• घरमै अध्ययन गर्न मिल्ने सामग्रीको व्यवस्था गर्ने |

## २.७ अपेक्षित उपलब्धि

यो योजनाको अन्त्य सम्ममा निम्नअनुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बाल-विकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

२. सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित भएको हुनेछ

३. मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन भएको हुनेछ।

४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार भएको हुनेछ।

५. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित भएको हुनेछ

६. सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ।

७. उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार आएको हुनेछ।

८. कक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरू सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनेका हुनेछन्।

९. विद्यार्थीको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको हुनेछ।

१०. विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुगेको हुनेछ।

११.सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री रसुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ।

१२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन भएको हुनेछ ।

१३. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजा मुखी शिक्षा व्यवस्थापनको प्रवर्धन भएको हुनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छः

*तालिका नं १६ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य*

| क्र.स. | सूचकहरू | २०७७ को राष्ट्रिय अवस्था | गाउँपालिकाको आधार वर्ष २०७८ को अवस्था | गाउँपालिकाको २०८२ को अवस्था | गाउँपालिकाको लक्ष्य | राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | | | २०८५ | २०८७ |
| | १. प्रारम्भिक बालबिकास तथा शिक्षा | | | | | |
| १.१ | कुल भर्ना दर | ८६.४ | ४६.५ | ८१.८ | ९० | १०५ |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | | | ९० | १०० |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | ९२ | ९२ | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | ७६.९ | ७६.९ | १०० | १०० |
| १.५ | कक्षा १ का नव प्रवेशी मध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिका प्रतिशत | ६८.७ | १०० | १०० | १०० | १०० |
| | २. आधारभूत शिक्षा | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर | १२१.९ | १२१.३ | १०७.६ | १०० | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ९६.८ | ४७.९ | ९५.७ | ९० | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | ११९.३ | १०९.४ | १०८.५ | १०० | १०७ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९७.१ | ९४.१ | ९६.३ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | ११०.४ | ८०.७ | १०५.९ | १०० | ११० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९३.८ | ६६.८ | ९५.८ | ९० | १०० |
| २.७ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | | १.०१ | १.०० | १.०० |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ७९.३ | १० | ८० | ९८.९ | ९९.५ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७२.७ | | | ९८.७ | ९९ |
| २.१० | ५-१२ वर्षका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | ० | ० | १ | ० |
| | ३. माध्यामिक शिक्षा | | | | | |
| ३.१ | कुल भर्ना दर ९-१० | ९४.६ | ४१.५ | ७९.६ | १०० | १०९ |
| ३.२ | खुद भर्ना दर ९-१० | ६८.७ | ६.५ | १२.७ | ७० | ९६.४ |
| ३.३ | कुल भर्ना दर ९-१२ | ७१.४ | | ४७.० | १०० | ९७ |
| ३.४ | खुद भर्ना दर ९-१२ | ४७.६ | | ३५.२ | ६० | ७२.१ |
| ३.५ | कुल भर्ना दर ११-१२ | ५१.५ | ६.४ | २०.९ | १०० | ८५.८ |
| ३.६ | खुद भर्ना दर ११-१२ | २५.८ | ०.५ | ७.२ | २५ | ६२.२ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | | | ९७.९ | ९९ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४.० | | | ३५.४ | ५२.३ |
| ३.९ | कक्षा ९-१० मा कुल भर्ना दरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०७ | १.०३ | १.०० | १.०० |
| | ४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षारता दर | ७८ | ५९ | ७३.२ | ७० | १०० |
| ४.२ | १५-४५ वर्षको साक्षारता दर | ९२ | ६९ | | ७५ | १०० |

| क्र.स. | सूचकहरू | २०७७ को राष्ट्रिय अवस्था | गाउँपालिकाको आधार वर्ष २०७८ को अवस्था | गाउँपालिकाको २०८२ को अवस्था | गाउँपालिकाको लक्ष्य | राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | | | २०८५ | २०८७ |
| ४.३ | १५ वर्ष माथिको साक्षारता दर | ५८ | ५१ | | ७०<br>९५ | १०० |
| | ५. महिला शिक्षक प्रतिशत | | | | | |
| ५.१ | आधारभूत तह | ४३.७ | १३.४ | | ५० | ५० |
| ५.२ | माध्यमिक तह | २०.६ | १० | | २५ | ३० |
| | ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता **(PMEC)** पुरा गरेका विद्यालय प्रतिशत | | | | | |
| ६.१ | प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्र | | | | ६० | ९० |
| ६.२ | आधारभूत तह | १३.४ | | ० | ७० | ९५ |
| ६.३ | माध्यामिक तह | | | ० | ६० | ९० |
| ७. राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | | ११.६४ | | १०.७५ | | २० |
| ८. स्थानीय तहको बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | | | २० | २२ | २० | |

## परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र (प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासका निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिको विस्तृतीकरण गरिएको छ। यस परिच्छेदमा समावेश गरिएको उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ ओटा उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ।

### ३.१ प्रारम्भिक बाल-विकास र शिक्षा


#### ३.१.१ वर्तमान अवस्था

यस गाउँपालिकामा संघीय सरकारबाट अनुदान प्राप्त १२ वटा बालविकास केन्द्र रहेका छन्। जसमध्ये ११ बालबिकास केन्द्र विद्यालयमा आधारित र १ वटा बालविकास केन्द्र मातृ विद्यालयमा आधारित भई संचालन भई रहेका छन्। सङ्घीय सरकारबाट अनुदान प्राप्त नगरेको एउटा विद्यालयमा गाउँपालिकाकाले आफ्नै स्रोतबाट बालविकास केन्द्रको स्थापना गरेको छ। गाउँपालिका भित्र सञ्चालित संस्थागत विद्यालयले पूर्वप्राथमिक कक्षाको रुपमा **Nursery, LKG, UKG** जस्ता कक्षाहरुमा प्रारम्भिक बालविकास शिक्षा प्रदान गर्दै आइरहेको छ।

*तालिका नं १७ प्रारम्भिक बालविकासमा विद्यालय जाने उमेर समूहको जनसंख्या र विद्यालय भर्ना विवरण*

| जनसंख्या | विद्यालय जाने उमेर समुह जनसंख्या | | | विद्यालय जाने उमेर समूह भर्ना विवरण | | | उमेर समुहको भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | छात्रा | छात्र | जम्मा | महिला | पुरुष |
| ३-४ वर्ष | २८० | १४० | १४० | २२९ | १२० | १०९ | ८१.८ | ८५.७ | ७७.९ |

*चित्र नं ८ प्रारम्भिक बाल बिकास केन्द्रमा अध्ययन गर्ने उमेर समुहको जनसंख्या र भर्नाको स्थिति*





प्रारम्भिक बालबिकास केन्द्रमा अध्ययन गर्ने उमेर समूहको जनसंख्या २८० मध्ये २२९ जनाले मात्र गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा भर्ना भई अध्ययन गरेको पाइन्छ । यो उक्त उमेर समूहको जनसंख्याको ८१.८ प्रतिशत मात्र हो । तर यो उमेर समूहका बालबालिका विद्यालय नगएको नभई अन्यत्र जिल्ला तथा स्थानीय तहमा गएर भर्ना भएका हुन् । योजना अवधि भित्र शतप्रतिशत बालबालिकालाई गाउँपालिका भित्रकै प्रारम्भिक बालकक्षामा भर्ना गराई आधारभूत तहको कक्षा १ मा अध्ययन गर्ने वातावरण तयार गरिनेछ ।

प्रारम्भिक बालविकास र शिक्षामा बालविकास कक्षामा छात्राको सहभागीता राम्रो रहेको देखिन्छ । यसलाई निरन्तरता दिइ रहने वातावरण तयार गर्नु पर्नेछ । प्रारम्भिक बालविकास कक्षामा विशेष गरी महिला सहजकर्ता रहेको राम्रो मानिन्छ । गाउँपालिका भित्र सञ्चालित १३ वटा बालबिकास केन्द्रहरुमा ९ जना महिला बालविकास सहयोगी कार्यकर्ता कार्यरत रहेका छन् । त्यसैले यसलाई शत प्रतिशत पुऱ्याउनको लागि पुरुष सहजकर्ता भएको केन्द्रहरुमा रिक्त भए पश्चात पदपुर्ति गर्दा महिलालाई नियुक्त गर्ने प्रबन्ध मिलाइनेछ ।

कक्षा १० भन्दा कम योग्यता भएका सहजकर्ता ८% रहेका छन् । पद रिक्त भए पश्चात नयाँ नियुक्ति गर्दा सम्भव भए सम्म **S.L.C** उत्तिर्ण भएका सहजकर्ताको नियुक्ति गर्दा योग्य सहजकर्ताले गर्ने शिक्षण सिकाईबाट गुणस्तर वृद्धिमा टेवा पुग्ने भएकोले त्यस तर्फ ध्यान दिइनेछ ।

*चित्र नं ९ प्रारम्भिक बालबिकास सहजकर्ताको शैक्षिक योग्यता*




प्रारम्भिक बाल विकास कक्षाका १३ जना सहजकर्ता मध्ये १० जनाले प्रारम्भिक बाल विकास तालिम प्राप्त गरेका छन् । शतप्रतिशत तालिम प्राप्त सहजकर्ताबाट सहजीकरणको व्यवस्था गर्न तालिम कार्यक्रमको प्रबन्ध गरिनेछ । गाउँपालिकाले ६० दिने मन्टेस्वरी तालिम समेतको आयोजना गरी बालबिकास सहजकर्तालाई तालिम प्रदान गर्ने कार्य सम्पन्न गरेको छ । उक्त तालिममा सबै सहजकर्ता सहभागी नभएकोले बाँकि रहेका सहजकर्ताको लागि पनि पुन तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

अभिभावक शिक्षा र समुदाय परिचालनमा विद्यालयहरुले पर्याप्त ध्यान दिन नसकेको अवस्था रहेकोले आगामी दिनमा गाउँपालिकाबाट अभिभावक शिक्षा र समुदाय परिचालनका कार्यक्रमहरु सञ्चालन गरी उमेर समूह भित्र पर्ने सबै बालबालिका बालविकास केन्द्रमा भर्ना भई सिक्न पाउने वातावरणको सुनिश्चितता गरिनेछ ।

*तालिका नं १८ प्रारम्भिक बालविकास **केन्द्रको** वडागत विश्लेषण:*

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|
| बालविकास केन्द्र सङ्ख्या | २ | ३ | १ | २ | ५ | १३ |

उल्लेखित विश्लेषणका आधारमा यस गाउँपालिकामा प्रारम्भिक बालविकास कार्यक्रम संचालनका लागि देखिएका समस्या तथा चुनौतिहरु

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा न्यूनतम् मापदण्ड पुरा गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरुको पारिश्रमिक, वृत्ति विकास तथा क्षमता विकास गर्ने ।
- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको स्थायित्व नहुनु ।
- अनुगमन र मूल्याङ्कन प्रभावकारी बन्न नसक्नु,
- विद्यालयहरुले छापामय कक्षा कक्षाकोठा बनाउन पर्याप्त ध्यान नदिनु

### ३.१.२ उद्देश्य

- **३-४** वर्ष उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच र सहभागिता सुनिश्चित गर्नु।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

### ३.१.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि अपनाउने रणनीतिहरू देहाय बमोजिम रहेका छन्।

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने

२. बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकताअनुसार पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने

३. भौगोलिक रूपले बिकट क्षेत्रमा बसोवास गर्ने बालबालिका, अपाङ्गता भएका बालबालिकाकालागि वैकल्पिक बालविकास शिक्षाका नमुनाहरू (परिवारमा आधारित, सानो समूह वा कार्यक्षेत्रमा आधारित, घुम्ती केन्द्र आदि) विकास गरी पहुँच सुनिश्चित गर्ने

४. नमुना बाल-विकास केन्द्र स्थापना गर्ने

५. प्रारम्भिक बाल-विकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने

६. प्रारम्भिक बाल-विकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालय बीच सहकार्य गर्ने

७. बाल-विकास शिक्षकमा महिलालाई प्राथमिकता दिने

८. सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने

९. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने

१०. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बाल-विकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने
- प्रारम्भिक बालविकास कक्षामा भर्ना उमेर उमेर समूहको विद्यार्थी शतप्रतिशत पुगेको हुने

- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा बालमैत्री बसाई व्यवस्था, न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक, बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी र विभिन्न सिकाइ क्षेत्र जस्तोः भाषा क्षेत्र, गणित क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्मक क्षेत्र, स्वालम्बन सिकाइ क्षेत्र, र विज्ञान क्षेत्र सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं १९ प्रारम्भिक बालविकास शिक्षाको प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | पटक | | १ | | १ | १ | ३ | स्थानीय |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन | पटक | | | १ | | १ | २ | स्थानीय |
| ३ | मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | १३ | संघ,प्रदेश, स्थानीय |
| ४ | समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | वडा | | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ५ | प्रारम्भिक बालबिकासमा अध्ययन गर्ने बालबालिकाको अभिलेखीकरण | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | १३ | स्थानीय |
| ६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | केन्द्रका सबै बालबालिका | २११ | २५० | ३०० | ३५० | ४०० | १५११ | संघ |
| ७ | स्थानीय चित्र समावेश भएको रंगिन सन्दर्भ सामग्री छपाई | वटा | | १००० | | | ४०० | १४०० | स्थानीय |
| ८ | सहजकर्ताको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | सहजकर्ताको प्रतिशत | | २५ | २५ | २५ | २५ | १०० | स्थानीय |
| ९ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन र कुपोषण भएका बालबालिकाको लागि आवश्यक पोषणको प्रबन्ध | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | १३ | स्थानीय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १० | अपाङ्गता भएका तथा अन्य बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | थप सिकाइ आवश्यकता पर्ने बालबालिका पहिचान भएका केन्द्रहरुमा | १ | १ | १ | १ | १ | १ | स्थानीय |
| ११ | व्यवस्थापन समितिका पदाधिकारी, वर्तमान तथा भावि अभिभावक, प्रधानाध्यापक तथा अन्य सरोकारवालाहरुलाई प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी नियमित अभिमुखिकरण | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | स्थानीय |
| १२ | प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकामा अपाङ्गता भए नभएको पहिचान गरी सहयोग उपलब्ध गराउने र आवश्यकता अनुसार थप सेवा सुविधाको सुनिश्चितता | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | १३ | स्थानीय |
| १३ | न्यूनतम् मापदण्ड अनुसार बालबालिकाको लागि सुरक्षित तथा अपाङ्गमैत्री शौचालय नयाँ निर्माण तथा मर्मत | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | १३ | स्थानीय |
| १४ | महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सीपहरु बालबालिकाहरुलाई सिकाउने | केन्द्र | | १३ | १३ | १३ | १३ | १३ | स्थानीय |
| १५ | प्राराम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण | गाउँपालिका | १ | १ | १ | १ | १ | १ | संघ,प्रदेश, स्थानीय |
| १६ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | १३ | स्थानीय |
| १७ | सहजकर्ताको पारिश्रमिक | केन्द्र | १३ | १३ | १३ | १३ | १३ | | संघ,स्थानीय |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । नेपालको संविधानको मौलिक हक र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने

व्यवस्था गरेको छ साथै आधारभूत तहको शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने उल्लेख छ।

यस गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कुल १२ वटा विद्यालयहरू मध्ये १–८ कक्षा सम्म सञ्चालित ६ वटा, १–५ कक्षा सञ्चालित १० र १–३ कक्षा सम्म सञ्चालित २ वटा विद्यालयहरू रहेका छन्।

यस गाउँपालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरबन्दी सङ्ख्या ५६ रहेको छ। न्यून दरबन्दी र शून्य दरबन्दी भएका विद्यालयहरूमा गाउँपालिकाबाट शिक्षक व्यवस्थापन गरिएको छ।

**Iemis report 2082** अनुसार यस गाउँपालिकाको सामुदायिक विद्यालयहरूमा आधारभूत तह कक्षा १-८ मा ५३० जना विद्यार्थी अध्ययनरत छन् जसमध्ये २५९ जना छात्रा र २७१ जना छात्र रहेका छन्।

कक्षा १ को खुद प्रवेश दर ४७.९ प्रतिशत मात्र रहेको हुँदा यो दरलाई योजना अवधि भरमा ९० प्रतिशत पुऱ्याइनेछ। यसको लागि प्रारम्भिक बालबिकासको भर्नामा विशेष ध्यान दिइनेछ।

गाँउपालिकामा आधारभूत तह कक्षा (१-८) को खुद भर्ना दर ६६.८ जस मध्ये छात्रको ६१ र छात्राको ७३.४ प्रतिशत रहेको छ । कक्षा (१- ५) को खुद भर्ना दर ८०.७ प्रतिशत रहेकोमा छात्राको ९३ र छात्रको खुद भर्नादर ७० रहेको छ। योजना अवधि भित्रमा आधारभूत तहको खुद भर्ना दर ९० प्रतिशत पुऱ्याइनेछ।

प्राथमिक तहको कक्षा ५ को टिकाउ दर १६ प्रतिशत आधारभूत तह कक्षा ८ को टिकाउदर १० प्रतिशत मात्र देखिएकोले त्यसलाई सुधार गर्नु ,कक्षा छाड्ने दर प्राथमिक तह कक्षा ५ को २ प्रतिशत र आधारभूत तह कक्षा ८ को ५ प्रतिशत देखिन्छ त्यसलाई क्रमशः घटाएर १ प्रतिशत कायम गरिनेछ।

प्रारम्भिक कक्षा १-३ को उमेर समूहको कुल जनसंख्या मध्ये ८८.९ प्रतिशत मात्र विद्यार्थी भर्ना भएको देखिन्छ। तसर्थ उक्त उमेर समूहका करिब ११ प्रतिशत विद्यार्थी गाउँपालिका बाहिरका विद्यालयमा अध्ययन गर्न गएको अनुमान गर्न सकिन्छ। योजना अवधि भरमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी सबै बालबालिकालाई गाउँपालिका भित्रै अध्ययन गर्ने वातावरण सृजना गरिनेछ।


**प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनको अवस्था**

गाउँपालिका भित्रका १२ वटै सामुदायिक विद्यालयमा प्रारम्भिक कक्षा पढाई कार्यक्रम सञ्चालनमा रहेका छन्। सबै विद्यालयहरुमा बुककर्नर तथा छापामय कक्षा सञ्चालनको लागि गाउँपालिकाबाट रकम निकासा भईरहेको छ। अधिकांश विद्यालयमा बुक कर्नरको व्यवस्था रहेको छ। यस कार्यलाई निरन्तरता दिइनेछ।

विद्यार्थी मूल्याङ्कनलाई विश्वसनिय र वैध बनाउनको लागि कक्षा ५ र कक्षा ८ को परीक्षा गाउँपालिका स्तरिय बनाइ स्तरिकृत परिक्षा सञ्चालन गरिनेछ।

यस गाउँपालिकामा आधारभूत तह तर्फ सञ्चालित विद्यालयहरुमा कुल ६७ जना शिक्षक कार्यरत रहेका छन् जस मध्ये २६ जना महिला शिक्षक रहेका छन्। हाल ७ जना शिक्षकलाई गाउँपालिकाकाले निजीस्रोतमा तलबभत्ता प्रदान गर्दै आइरहेको छ।

*चित्र नं ९ सामुदायिक विद्यालयको दरबन्दीमा कार्यरत शिक्षकको शैक्षिक योग्यता*




माथिको विश्लेषणका आधारमा यस गाउँपालिकामा आधारभूत शिक्षामा निम्न लिखित चुनौतीहरु देखिएका छन्।

- आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागीता सुनिश्चित गर्ने,
- आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार ल्याउने,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
- सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
- आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्ने,

### ३.२.२ उद्देश्य

आधारभूत तहको शिक्षामा देहाय बमोजिमको उद्देश्य रहेको छ।

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु

२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु

४. आधारभूत तहको भौतिक र शैक्षिक वातावरण बाल मैत्री, सिकाइ मैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु

### ३.२.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति तय गरिएको छ।

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने

२. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने

३. विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयमा बहुकक्षा बहुतह शिक्षण सिकाइका नमुना प्रवर्द्धन गर्ने

४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

५. प्रारम्भिक कक्षामा पठन तथा गणितीय सीप प्रवर्द्धन गर्ने

६. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने

८. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन अतिरिक्त कक्षा सञ्चालनका साथै आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

९. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

१०. शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

११. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

१२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

१३. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

१४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने

१६. भौगोलिक रूपमा दैनिक विद्यालय आवतजावत गर्न अप्ठ्यारोमा परेका बालबालिकाहरूको लागि विद्यालयमा आवासीय प्रबन्ध मिलाउने,

१७. अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने

१८. विद्यालयमा बाल उद्यान, फूलबारी, करेसाबारी, वृक्षरोपण आदि जस्ता कार्यक्रम समावेश गर्ने

१९. प्रत्येक शिक्षकको विषयगत सिकाइ उपलब्धी सहितको पोर्टफोलियो तयार गर्ने

२०. पुरस्कार र दण्डलाई कार्यसम्पादनसँग जोडने

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुनेछन् ।
- न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुनेछ ।
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुनेछ ।
- घरबाट दैनिक विद्यालय आवतजावत गर्न कठिनाइ हुने बालबालिकाहरूले विद्यालयमा आवासीय सुविधा प्राप्त गरेको हुनेछन् ।
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुनेछ ।
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुनेछ ।
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुनेछ ।
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुनेछ ।
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिको सामना गर्ने क्षमता विकास भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुनेछ ।

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २० आधारभूत तहको प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | ९५ | ९६ | ९७ | ९७.५ | ९८ | | |
| २ | विद्यालयमा मापदण्ड अनुसार शिक्षक व्यवस्था | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | | |
| ३ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | विद्यालय | | ३ | ४ | ३ | २ | | |
| ४ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | | |
| ५ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | जना | ११५० | १२०० | १३०० | ८५० | १००० | | |
| ६ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ व्यवहारकुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | १५ | २० | २५ | २० | २० | | |
| ७ | करेसाबारी तथा बगैचा व्यवस्थापन | विद्यालय | | १२ | १२ | १२ | १२ | | |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी संख्या | १ | १ | १ | १ | १ | | |
| ९ | निशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | विद्यार्थी संख्या | ११५० | १२०० | १३०० | ८५० | १००० | | |
| १० | आर्थिक रुपमा विपन्नका लागि सहयोग | विद्यार्थी संख्या | | ५० | ५० | ५० | ५० | | |
| ११ | छात्रा छात्रवृत्ति | जना | ५८१ | ६०० | ६५० | २९० | ३२० | | |
| १२ | प्रारम्भिक कक्षामा पठन सामग्री सहति बुक कर्नरको व्यवस्था | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १३ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | जना | | २० | २० | २० | १० | | |
| १४ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | १५ | २० | २० | २० | २५ | १०० | |
| १५ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय संख्या | १२ | १२ | १२ | १२ | १२ | | |
| १६ | शिक्षक क्षमता विकास | विद्यालय | १० | २० | २० | २० | २० | | |
| १७ | विद्यालय**गत** उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | १२ | १२ | १२ | १२ | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने गरी सुधार गर्ने | विद्यालय | | १२ | १२ | १२ | १२ | | |
| १९ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | विद्यालय प्रतिशत | | ३० | ४० | ३० | | | |
| २० | पुस्तकालयको व्यवस्था | विद्यालय | १ | २ | २ | २ | २ | | |
| २१ | विषयगत (गणित, विज्ञान भाषा विषय) प्रयोगशाला | कक्ष/कर्नर | ४ | ६ | ७ | ८ | ५ | | |
| २२ | शिक्षकको पेसागत विकास सहयोग तालिम | जना | | २० | २० | २० | १० | | |
| २३ | छात्राको लागि स्यानिटरी प्याडको व्यवस्था | वटा | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | | |
| २४ | शैक्षिक सामग्री तथा विद्यालय प्रशासनिक खर्च | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | | |
| २५ | निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम तथा पोर्टफोलियो निर्माण | कक्षा १ को विद्यार्थी संख्या | १२ | १२ | १२ | १२ | १२ | | |
| २६ | कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा सञ्चालन | विद्यार्थी | २३६ | २५० | ३०० | १०० | १५० | | |
| २७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग तथा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २८ | आधारभूत तहको कक्षा ६-८ मा खुल्ला तथा दुर शिक्षाको लागि वैकल्पिक विद्यालय सञ्चालन | वटा | | | | १ | | | |
| २९ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवासीय प्रबन्ध | विद्यार्थी संख्या | | १० | १३ | ५० | ५० | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

वर्तमान शिक्षा संरचना अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यामिक शिक्षा भनिन्छ। १३ वर्ष उमेर देखि १६ वर्ष उमेर समूहका विद्यार्थीहरू यस तहका उपयुक्त विद्यार्थीहरू हुन्। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यामिक तह सम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। त्यसैले माध्यामिक तहमा अध्ययन गर्ने सबै बालबालिकाहरूले निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकारको कार्यान्वयन तीन वटै तहका सरकारहरूको संयुक्त प्रयासबाट मात्रै सम्भव हुनेछ।

यस गाउँपालिकामा माध्यामिक तहसम्मको शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कुल १२ वटा विद्यालयहरू मध्ये १–१० कक्षा सम्म सञ्चालित ४ वटा विद्यालयहरू रहेका छन् ।

यस गाउँपालिकामा माध्यामिक तहको स्वीकृत दरबन्दी पाएको एक मात्र विद्यालय रहेको छ भने अन्य ३ वटा सामुदायिक माध्यामिक विद्यालयले विद्यालय सञ्चालनको अनुमति मात्र प्राप्त गरेकाले दरबन्दी प्राप्त गर्न सकेका छैनन् । स्वीकृत माध्यामिक विद्यालयमा कुल ३ जना माध्यामिक तहको दरबन्दी रहेको छ जुन अपर्याप्त रहेको देखिन्छ । त्यसैगरी दरबन्दी नपाएका विद्यालयहरूको लागि सङ्घीय सरकार तथा प्रदेश सरकारबाट शिक्षण सहयोग अनुदान उपलब्ध गराउने प्रावधान अनुसार ७ जना शिक्षक आधारभूत र माध्यामिक तहमा उपलब्ध छ । न्यून दरबन्दी र शून्य दरबन्दी भएका विद्यालयहरूमा गाउँपालिकाबाट शिक्षक व्यवस्थापन गरिएको छ । **Iemis report 2082** अनुसार यस गाउँपालिकाको सामुदायिक विद्यालयहरूमा आधारभूत तह कक्षा ९-१० मा ६१ जना विद्यार्थी अध्ययनरत छन् भने माध्यामिक तह ११-१२ मा ७ जना विद्यार्थी अध्ययनरत छन् ।

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षासँग सम्बन्धित उद्देश्य देहाय बमोजिम रहेको छ ।

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.३.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति अपनाइनेछ ।

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने आवश्यकताअनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने

२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने

३. विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

७. शिक्षकका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने

१०. विद्यालयलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने

११. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार तथा छात्रवृत्तिको व्यवस्था गर्ने

१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने

१३. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने

१४. घरबाट दैनिक विद्यालय आवतजावत गर्न कठिनाइ हुने बालबालिकाहरूलाई आवासीय प्रबन्ध गर्ने

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुनेछन्।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ।
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछन्।
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिको सामना गर्ने सामर्थ्यता हासिल हुनेछ।
- सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको उपयोग भई अध्ययन गर्ने अवसर प्राप्त हुनेछ।

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २१  माध्यमिक तहको प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निः शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी तथा परिमार्जन | पटक | | १ | | | १ | | |
| २ | विद्यालय सेवा क्षेत्रको सीमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरुको भर्नाको सुनिश्चितता गर्ने | विद्यालय संख्या | | १२ | | | १ | | |
| ३ | शिक्षकको दरबन्दी मिलान | पटक | १ | | | | | | |
| ४ | अङ्ग्रेजी,गणित र विज्ञान विषयको सिकाई उपलब्धी वृद्धि गर्नका लागि अतिरिक्त सहयोग | विद्यालय | | १२ | १२ | १२ | १२ | | |
| ५ | मापदण्डअनुसार शिक्षक व्यवस्था | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | | |
| ६ | लक्षित बालबालिकाको लागि आवासिय प्रबन्ध (पहुँच) | विद्यार्थी सङ्ख्या | | ३ | ३ | ४० | ४० | | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार) | विद्यालय प्रतिशत | | २५ | २५ | २५ | २५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | | १ | १ | १ | १ | | |
| ९ | प्रविधि तथा व्यवहारकुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक | ५ | २० | ३० | २५ | २० | | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा अद्यावधिक | पटक | | १ | १ | १ | १ | | |
| ११ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | | ३० | ३० | ३० | १० | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी संख्या | | | | | | | |
| १४ | नि: शुल्क शिक्षाको सुनिश्चितताकालागि पाठ्यपुस्तक | विद्यार्थी संख्या | कक्षा ९-१० | कक्षा ९-१२ | कक्षा ९-१२ | कक्षा ९-१२ | कक्षा ९-१२ | | |
| १५ | छात्रवृत्ति | | ७० | ८५ | १०० | १० | १५ | | |
| १६ | विद्यालय सिप शिक्षा कार्यक्रम | विद्यार्थी संख्या | | ५० | ५० | ५० | ५० | | |
| १७ | कक्षाकोठामा आधारित मूल्याङ्कन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | | |
| १८ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | विद्यालय संख्या | १२ | १२ | १२ | १२ | १२ | | |
| १९ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | | |
| २० | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| २१ | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | | |
| २३ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवासीय प्रबन्ध | विद्यालय | | ३ | ३ | ३ | ३ | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा पन्ध्र वर्ष वा सोभन्दा माथिको उमेरका जनसङ्ख्याले पूरा गरेको १०+२ वा सो सरहको उच्च शिक्षामा अध्ययनको प्रमुख विषय वा सङ्कायमा ५६२ जना मध्ये मानविकी तथा समाजशास्त्र तर्फ ३५, व्यवस्थापन तर्फ १६३, शिक्षा तर्फ २४१, विज्ञान तथा प्रविधि तर्फ ३० स्वास्थ्य र चिकित्साशास्त्र तर्फ २१ इन्जिनियरिङ तर्फ २८, कानून तर्फ १, कृषि तर्फ ३, पशु विज्ञान र पशुचिकित्सा र मत्स्यपालन तर्फ २, कम्प्युटर र सूचना प्रविधि तर्फ ४ र अन्यमा ३० जनाले अध्ययन गरेको देखिन्छ। यस तथ्याङ्कलाई हेर्दा हालसम्म १०.३ प्रतिशतले मात्रै प्राविधिक शिक्षा अध्ययन गरिरहेको देखिन्छ । त्यसैले गाउँपालिकामा प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालयको स्थापना गर्नु पर्ने आवश्यकता देखिन्छ।

*तालिका नं २२ १५ वर्ष भन्दा माथि उमेर समूहको विभिन्न विधामा १२ वा सो सरहको तहमा अध्ययन गर्नेको सङ्ख्यात्मक विवरण*

| जम्मा | मानविकी | व्यवस्थापन | शिक्षा | विज्ञान | स्वास्थ्य मेडसिन | इन्जिनियरिङ | कानुन | कृषि | भेटनरी | कम्प्यूटर | अन्य | m_notstd |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५६२ | ३५ | १६३ | २४१ | ३० | २१ | २८ | १ | ३ | २ | ४ | ४ | ३० |

### ३.४.२ उद्देश्य

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग उद्देश्यहरू:

१. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीयस्तरमा रोजगारी तथा स्व रोजगारीका उपलब्ध अवसर गराउने

### ३.४.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति अपनाइने छ।

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये २० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक

तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने

२. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने

३. स्थानीय पाठ्यक्रममा स्थानीय प्रविधि र सीपलाई समेत जोडिनेछ।

४. प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि सङ्घीय तथा प्रदेश सरकार र गैर सरकारी संस्थासँग समन्वय र सहकार्य गरिएको हुनेछ।

५. विद्यालयबाहिर रहेका युवा युवतीका लागि छोटो अवधिका सीप युक्त शिक्षा दिन तालिम सञ्चालन गरिएको हुनेछ।

६. प्राविधिक तथा व्यवसायिक शिक्षामा समावेशीकरणलाई सुनिश्चित गरिएको हुनेछ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. गाउँपालिका भित्रै प्राविधिक तथा व्यवसायिक धारको विद्यालय सञ्चालन भई प्राविधिक उच्च शिक्षाको लागि पहुँच विस्तार हुनेछ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त जनशक्तिको उत्पादन हुने।

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा डाटाबेस तयारी | पटक | | | | १ | १ | २ | |
| २ | प्राविधिक शिक्षा व्यवसायिक तालिम सम्बन्धी कार्यक्रम सञ्चालन | विद्यालय | | | | | १ | १ | |
| ३ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई इन्टरसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | संख्या | | | | ३ | १० | १३ | |
| ४ | यवुाहरुलाई खोज तथा नव प्रवर्तनका लागि प्रोत्साहन मूलक कार्यक्रम | जना | | | | ३ | ३ | ६ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

यस गाउँपालिकामा १ हजार ६ सय ६४ घरधुरी र जनसङ्ख्या ६ हजार ६ सय ७३ रहेको छ। केन्द्रीय तथ्याङ्क विभागको २०७८ सालको जनगणना अनुसार आमाछोदिङमो गाउँपालिकाको साक्षरता दर ७३.२ रहेको छ। जसमा महिला साक्षरता दर ६६.५ पुरुषको साक्षरता दर ७९.३ रहेको छ।

यस गाउँपालिकामा ४ वटा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालनमा रहेका छन् तर ती केन्द्रहरू प्रभावकारी रूपमा सञ्चालनमा हुनसकेका छैनन् । यि सामुदायिक सिकाई केन्द्रहरूबाट महिलाहरूलाई जीवनोपयोगि सीप अन्तरगत तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन्।

अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइका चुनौतीहरूमा सामुदायिक सिकाइ केन्द्रहरूलाई क्रियाशिल रूपमा परिचालन गर्ने, औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिलाई अनौपचारिक शिक्षामा पहुँच पुऱ्याउने, यसैगरी अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग आबद्ध गर्ने, सिकाइ केन्द्रमा पर्याप्त पठन सामाग्रीहरूको उपलब्धता गराउने, सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरि साक्षरताको स्थिति बढाउने जस्ता चुनौतीहरू छन्।

### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने

२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सीप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गरी शिक्षामा समावेशीता र जीवन पर्यन्त सिकाइको अवसर प्रदान गर्ने।

३. स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षणमा सहयोग गर्ने।

### ३.५.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ्. एम् सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने

२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

३. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सीप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने

४. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछ।

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २२ अनौपचारिक शिक्षा र आजिवन सिकाइसँग सम्बन्धित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | | | | १ | १ | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | | | | | ४ | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | वटा | | | | | ४ | | |
| ४ | आयआर्जनका लागि नयाँ सिपमूलक तालिम तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने | प्रतिकेन्द्र | | | | | १ | | |

# परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था:

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो। पाठक्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठक्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ। त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ।

यस गाउँपालिकामा आधारभूत तह कक्षा १-५ को स्थानीय पाठ्यक्रम तथा सन्दर्भ सामग्री निर्माण भई लागू समेत भइरहेको छ । आधारभूत तह कक्षा ६-८को स्थानीय निर्माण हुने चरणमा छ । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने नेपाल सरकारको नीति अनुसार सबै विद्यार्थीले नि:शुल्क पाठ्यपुस्तक पाउने व्यवस्था मिलाएको छ। वागमति प्रदेश सरकारले तामाङ र नेवारी भाषालाई सरकारी कामकाजको भाषामा प्रयोग गर्ने व्यवस्था मिलाएको सन्दर्भमा यस गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रममा एउटा थिममा तामाङ भाषाको सम्भोटा लिपिलाई अध्यापन गराउने गरी कक्षा ४ र ५ मा पाठहरू राखिएको छ।

परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ।

### ४.१.२ उद्देश्यः

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित उद्देश्यहरूः

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

### ४.१.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि अपनाउने रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने

४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने

६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने

७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने

८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने

९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने

१०. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने

११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने

१२. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरूः

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २३ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पाठ्यक्रमको प्रभावकारीरूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | | | | १ | | | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | | | | निरन्तर | निरन्तर | | |
| ३ | स्थानीय पाठ्यक्रम (६-८) को विकास तथा कार्यान्वयन | पटक | | | | १ | | | |
| ४ | स्थानीय पाठ्यक्रम (६-८) को सन्दर्भ सामग्री निर्माण | पटक | | | | | १ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्थाः

यस गाउँपालिकामा हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका १३, आधारभूत तह(१-३) का २ , आधारभूत तह(१-५)का ४ आधारभतु तह (१-८) सञ्चालन भएका ३ माध्यमिक तह(१-१०) सञ्चालन भएका २ र माध्यमिक तह (११-१२) सञ्चालन भएका १ गरी जम्मा १२ सामुदायिक विद्यालय सञ्चालनमा छन् जसमा स्थायी शिक्षक ३७ जना राहत तथा करार शिक्षक २८ जना गाउँपालिका निजी ७ जना र संघ तथा प्रदेश शुन्य दरबन्दी अनुदानमा ११ जना गरी कुल ८३ जना शिक्षक कार्यरत रहेका छन्। आधारभूत तह कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात १९ र आधारभूत तहको कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात २७ रहेको छ। माध्यमिक तह कक्षा ९-१० मा विद्यार्थी शिक्षक अनुपात १५ र माध्यमिक तहको कक्षा ११-१२ मा विद्यार्थी शिक्षक अनुपात २५ रहेको छ। जना रहेको छ। विद्यार्थी तथा कक्षा सङ्ख्याको आधारमा अपुग भएका शिक्षक सङ्ख्यालाई सम्बोधन गर्न बालबिकास तहमा १ जना प्राथमिक तहका ४ जना र निम्न माध्यमिक तहका ३ जना शिक्षक निजी स्रोतबाट तलब भत्ता व्यहोर्ने गरी शिक्षक व्यवस्थापन गरिएको छ। दरबन्दी मिलानको क्रममा ७ वटा दरबन्दी शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त भएको छ।

### ४.२.२ उद्देश्यः

शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित उद्देश्यहरू

१. तहगत, कक्षागत, तथा विषयगतरूपमा शिक्षकको व्यवस्थापन गर्नु

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु

३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु

४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु

### ४.२.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि अपनाउने रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगतरूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने

२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने

५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागतरूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ।

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २४शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रधानाध्यापकले गाउँपालिकासँग कार्य सम्पादन करार गर्ने | प्रधानाध्यापक | | ५ | ९ | १२ | १२ | १२ | स्थानीय |
| २ | शिक्षकले प्रधानाध्यापकसँग कार्य सम्पादन करार गर्ने | शिक्षक | | मावि शिक्षक | निमावि शिक्षक | सबै शिक्षक | सबै शिक्षक | | स्थानीय |
| ३ | कार्य सम्पादनमा आधारित कार्यको आधारमा प्रोत्साहन तथा पुरस्कार दिने | जना | | १ | १ | ३ | ३ | | स्थानीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | करार तथा निजी स्रोतबाट नियुक्त हुने शिक्षकहरूको लागि छनौट मापदण्ड तथा निर्देशिका तयारी | पटक | | | १ | | | | स्थानीय |
| ५ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न अनुगमन सुपरीवेक्षण तथा पेसागत सहयोग | पटक प्रतिविद्यालय | | १ | १ | ४ | ४ | १० | स्थानीय |
| ६ | नयाँ स्थायी नियुक्ति भएका शिक्षकको लागि सेवा प्रवेश अभिमुखिकरण कार्यक्रम | पटक | | | १ | ३ | ३ | ७ | स्थानीय |
| ७ | REAL Plan कार्यान्वयन गर्ने (उपचारात्मक शिक्षण पद्धति लागु गर्ने) | विद्यालय | | | १ | १२ | १२ | | स्थानीय |
| ८ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने | परीक्षा प्रतिवर्ष प्रतिकक्षा | | १ | १ | ३ | ३ | ८ | स्थानीय |
| ९ | शिक्षण तथा सिकाइ सामग्री विकास तथा व्यवस्थापन | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय |
| १० | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा क्षमता विकास | निरन्तर | | १ | १ | १ | १ | १ | स्थानीय |
| ११ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | विद्यालय | | १२ | १२ | १२ | १२ | १२ | संघ/स्थानीय |
| १२ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | | | १ | १ | १ | १ | १ | स्थानीय |
| १३ | शिक्षक पेसागत सहयोग | | | १ | १ | १ | १ | १ | स्थानीय |
| १४ | असल अभ्यासको अवलोकन भ्रमण | पटक वार्षिक | | १ | १ | १ | १ | १ | स्थानीय |
| १५ | विज्ञ समूहको गठन तथा अद्यावधिक | पटक वार्षिक | १ | १ | १ | १ | १ | १ | स्थानीय |
| १६ | सहपाठी कक्षा अवलोकन | विद्यालय /शिक्षक/पटक | | | | १२/सबै/१ | १२/सबै/१ | | स्थानीय |
| १७ | कार्यसम्पादन मूल्याङ्कन | पटक वार्षिक | १ | १ | १ | १ | १ | १ | स्थानीय |
| १८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक/वार्षिक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| १९ | शिक्षकले शिक्षणमा विताउने समयमा प्रधानाध्यापकलाई जिम्मेवार बनाउने | प्रअ | | १२ | १२ | १२ | १२ | १२ | स्थानीय |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था:

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएका व्यक्तिहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.स. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.स. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भइ हाल सम्म सञ्चालित

छ। शिक्षा नियमावली २०२८ अनुरूप २०३०सालमा विशेष शिक्षा परिषद् गठन भइ अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ।

समतामुलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३–२००२, सालामान्का घोषणा सन १९९४, तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७७ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ। यी सम्पूर्ण महासन्धि एवं घोषणाहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको मूल धारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन्

नेपालको संविधानले आधारभूत तहको शिक्षा लाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन ऐनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन ऐनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट वञ्चित करणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। यस गाउँपालिकाले अपाङ्गता भएका बालबालिका, छात्रा, दलित, जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढाउन मद्दत पुगेको देखिन्छ। श्रोत कक्षा, विशेष विद्यालय तथा समावेशी विद्यालयबाट समेत अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन्।

आमाछोदिङमो गाउँपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द्वपीडित, सहिद परिवार, बेपत्ता घाइते अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बाल मैत्री विद्यालय, दिवा खाजा लगायतका शीर्षकहरूमा गाउँपालिकाले लगानी गरिरहेको छ तर पनि समावेशी शिक्षाको सन्दर्भमा धेरै  काम गर्न बाँकी छ। २०७८ सालको जनसङ्ख्या अनुसार आमाछोदिङमो गाउँपालिकामा ३.३ प्रतिशत अपाङ्गता भएकाको जनसङ्ख्या छ। जसमध्ये महिला २.९ र पुरुष ३.६ प्रतिशत छन् त्यसैले अपाङ्गता भएका बालबालिकाहरूका लागि श्रोत कक्षाको व्यवस्थापन गर्नु पर्ने आवश्यकता देखिएको छ।

### ४.३.२ उद्देश्यः

शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित  उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशीरूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु

२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

### ४.३.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि गाउँपालिकाले अपनाउने रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री बनाउने। यसका लागि बालमैत्री विद्यालय प्रारूप (**CFSF**) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने

२.अपाङ्गताको प्रारम्भिक लेखाजोखा (**Disability Screening**) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको प्रबन्ध गर्ने

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधा विहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने।

४.कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने।

५.विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने

६. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा सीपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आबद्ध गर्ने

८. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

• लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका २५ शिक्षामा समता तथा समावेशीकरणसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | १ | १ | २ | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | | | | १ | १ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ३ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | निरन्तर | | | | १ | १ | २ | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबिच जवाफदही सहितको कार्यगत समन्वय | निरन्तर | | | | १ | १ | २ | |
| ५ | निर्देशिका अनुसार छात्रवत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | निरन्तर | | | | १ | १ | २ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्थाः

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हालसम्म सञ्चालन हुदै आएको छ। हाल सामुदायिक विद्यालयमा पूर्व प्राथमिक देखि ५ कक्षा सम्मका सबै विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरिएको छ। दिवा खाजाले शिक्षा, स्वास्थ्य पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन्। यद्यपि नीति तथा नियामक ढाँचा, सङ्गठनात्मक संरचना तथा समन्वय र कार्यक्रम डिजाइन तथा कार्यान्वयनको अवस्था भने सन्तोषजनक देखिदैन। अपर्याप्त बजेटका बाबजुद दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न सकेमा आवश्यक बृहत् तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहु मेनुहरू स्थानीय स्तरमै तयार गर्न सकिन्छ।

यस गाउँपालिकामा १२ वटै सामुदायिक विद्यालयहरूले विद्यालय आफैले तयार गरेको मेनुको आधारमा दैनिक दिवा खाजाको व्यवस्था गरि रहेका छन्। आधारभूत तहको कक्षा ५ सम्म अध्ययन गर्ने सबै विद्यार्थीहरूले दिवा खाजाको सुविधा प्राप्त गरिरहेका छन्। गाउँपालिकाबाट त्रैमासिक रूपमा दैनिक १५ रूपैयाँको दरले विद्यालयमा उपस्थित भएको हाजिरीको आधारमा अधिकतम् १८० दिनको दिवा खाजाको रकम निकासा हुने गरेको छ। विद्यालयहरूले विद्यालयमा रहेको जनशक्तिको प्रयोग गरी विद्यालयमा नै दिवा खाजा खुवार्ने गरेको पाइन्छ।

यसैगरी स्वच्छ र हरियाली विद्यालय निर्माणको लागि सबै विद्यालयहरूले कार्यक्रमहरू सञ्चालन गरी रहेका छन्। अधिकांश विद्यालयहरूले शुक्रबारलाई अतिरिक्त क्रियाकलाप सञ्चालन तथा विद्यालय सरसफाइको लागि प्रयोग गर्ने गरेको पाइन्छ। विद्यालयमा सरसफाइ सम्बन्धी कक्षा सञ्चालन गर्नको लागि गाउँपालिकामा वागमति प्रदेश सरकारले माध्यामिक तह सञ्चालनमा रहेका ३ वटा विद्यालयहरूलाई विद्यालय नर्सको उपलब्ध गराएको छ। विद्यालय नर्सले विद्यार्थीको सरसफाइ र स्वास्थ्य सम्बन्धी कक्षा सञ्चालन गर्ने गर्दछन्।

माध्यामिक तहका ३ वटा विद्यालयलाई लिडर स्कुल मानि विद्यालय नर्सहरूले अन्य आधारभूत तहका अन्य विद्यालयहरूमा पनि स्वास्थ्य सम्बन्धी कक्षा र समुदायमा समेत स्वास्थ्य सम्बन्धी कक्षा सञ्चालन गर्नु पर्ने जिम्मेवारी रहे तापनि यसको प्रभावकारी कार्यान्वयन हुन सकि रहेको छैन।

### ४.४.२ उद्देश्यः

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरूः

१. बालबालिकालाई स्वास्थ्य एवम् पोषण युक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि गाउँपालिकाले अपनाउने रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने

२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने

४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने

५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगो पनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने

७. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (**well-being**) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (**joyful**) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २६ विद्यालय पोषण तथा स्वास्थ्यसँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | | | | ६ | ६ | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | | | | १२ | १२ | | |
| ३ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | | | | १२ | १२ | | |
| ४ | कक्षा ६ देखि १२ कक्षा सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | छात्रा सङ्ख्या | | | | ३०० | ३५० | | |
| ५ | आवधिक स्वास्थ्य जाचँ , जुकाको औषधी र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिडआदि प्रदान) | विद्यार्थी सङ्ख्या | | | | १००० | ११०० | | |
| ६ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | सेट | | | | १२ | १२ | | |
| ७ | स्वास्थ्य शिक्षा सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | पटक/विद्यालय | | | | २/१२ | २/१२ | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्थाः

नेपालमा विभिन्न समययमा साना तथा ठूला विपदहरूले शिक्षालाई प्रभावित पारिरहेको देखिन्छ। भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपद्को सामाना गरिरहेको अवस्थामा कोभिड १९ को विश्वव्यापी महामारीले ठूलो शैक्षिक क्षति गरेको देखिन्छ। यस्ता विपद्को समयमा शिक्षाका वैकल्पिक उपाय सहित शिक्षा लाई निरन्तरता दिनु जरुरी छ। शिक्षालाई विपद्को समयमा निरन्तरता दिनका लागि सिकाइ सहजिकरण निर्देशिका २०७७ विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, जस्ता नीति नियम बनेको देखिन्छ।

आमाछोदिङमो गाउँपालिकाले कोभिड – १९ तथा अन्य महामारीको अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमको प्रयोग गर्ने प्रयास गरेको थियो। यस गाउँपालिकामा उक्त समयमा इन्टरनेटको राम्रो

पहुँच नहुँदा र रेडियो **T.V.** कम्प्यूटर जस्ता उपकरण सबै बालबालिकाको घरमा उपलब्ध नहुँदा टोल सिकाई सहजीकरणबाट मात्रै विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सकिएको थियो।

हाल गाउँपालिको सबै विद्यालय इन्टरनेट र विद्युतको पहुँच पुगि सकेको र वैकल्पिक सिकाई सहजीकरणका लागि गाउँपलिकाले डिजिटल सामग्रीको प्रबन्ध गरेको हुँदा विपदमा पनि शिक्षा पाउनबाट बालबालिकाहरू वञ्चित हुनु नपर्ने अवस्थाको सुनिश्चितता भएको छ।

### ४.५.२ उद्देश्यः

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलतासँग उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति

१. विपत्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने

२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी गराउने

३. कोभिड - १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने

६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने

७. स्थानीय स्तरमा शिक्षा समूह (**Education Cluster**) निर्माण तथा परिचालन गर्ने

८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने

९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने

१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरीक्षण गर्ने

११. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने

१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।

२. सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २७ विद्यालय सुरक्षा विपद न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा अद्यावधिक | पटक | | १ | | १ | | २ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| ६ | विपद् प्रतिरोधी विद्यालय भवन सङ्ख्या | वटा | | | १२ | १२ | १२ | | प्रदेश सरकार |
| ७ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| ८ | विपदको समयमा सिकाई निरन्तरताका लागि सामग्री व्यवस्थापन | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्थाः

आमाछोदिङमो गाउँपालिकामा १२ वटा सामुदायिक विद्यालयहरू रहेका छन्। गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा कुल १९ वटा पक्की भवन तथा ८ वटा अर्ध पक्की टिनको छानो भएका भवनहरू छन् । विद्यालयहरूमा प्रधानाध्यापकको लागि बेग्लै कोठा, अलग्गै कम्प्युटर कोठा, चर्पी र खानेपानीको उचित व्यवस्था,

स्टाफ कोठा, पुस्तकालय कोठा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप कोठा तथा ल्याब कक्षाकोलागि पर्याप्त कोठाहरू पुग्न सकेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा माध्यामिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई भएतापनि स्थानीय तहको बजेटले विद्यालयमा ठूला भवन तथा पूर्वाधार निर्माणका कार्यहरूको लागि बजेट अभाव हुने देखिन्छ । त्यसैले तीनै तहका सरकारले कुन कार्य कुन तहले गर्ने भन्ने एकीन गरी विद्यालय भौतिक पूर्वाधार विकासका कार्यहरू गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा भूकम्प पश्चात पुनर्निर्माणको क्रममा निर्माण भएका विद्यालय भवन शौचालय जस्ता संरचनाहरूको मर्मत सम्भार गर्नु पर्ने देखिन्छ तर स्थानीय तहको मात्रै बजेटले यी कार्यहरू गर्न असम्भव भएकोले प्रदेश र सङ्घीय सरकारबाट पनि मर्मत सम्भारको लागि बजेट व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

### ४.६.२ उद्देश्यः

विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु

३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन **Climate Smart Infrastructure** बनाउन परामर्श गर्नु

### ४.६.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने

३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सवलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने

४. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार बीच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घ संस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने

२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २८ विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | | | | १ | २ | | |
| २ | विद्यालयको सवलीकरण | विद्यालय | | | | | | | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | निरन्तर | | | | १२ | १२ | | |
| ४ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालयको प्रबन्ध | विद्यालय | | | | ३ | ३ | | |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | वटा | | | | १ | २ | | |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण (मुख्य सडक/बाटो देखि विद्यालय भवनको कक्षाकोठा सम्म पुग्न व्हिल चेयर गुड्ने र्‍याम्प निर्माण ) | विद्यालय सङ्ख्या | | | | | ४ | | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजू सूची भर्ने | | | | | १२ | १२ | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था:

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ।

यस गाउँपालिकामा १२ वटा विद्यालयहरूमा प्रोजेक्टर र माध्यामिक तह सञ्चालित ४ वटै विद्यालय र आधारभूत तह कक्षा ८ सम्म सञ्चालित विद्यालयहरूमा स्मार्ट वोर्ड, १२ वटै विद्यालयहरूमा **Fiber Optical Cable** को इन्टरनेट र सबै विद्यालयको **ECD** कक्षामा स्मार्ट टेलिभिजनको व्यवस्था भएको छ। गाउँपालिका भित्रको ११ वटा सामुदायिक विद्यालयमा **CC camera** को जडान कार्य सम्पन्न भएको छ। विद्यालयहरूमा शिक्षक अभाव हुँदा **Digital** कक्षा सञ्चालनको लागि **NCED Virtual Class** मा राखिएका पाठ्यसामग्रीहरूबाट अध्यापन गराउने प्रबन्ध मिलाइएको छ। सबै विद्यालयहरूमा न्यूनतम १ ल्यापटप कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिएको छ।

### ४.७.२ उद्देश्यः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

### ४.७.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर क्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने

५.शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने

६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टि विहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं २१ विद्यालय सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धी प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ई-लाइब्रेरी स्थापना | | | | | | | | |
| २ | प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकास कार्यक्रम | | | | | २४ | २४ | | |
| ३ | विद्यालयहरूको Web Page निर्माण तथा अद्यावधिक | | | | | १२ | १२ | | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | | | | | १ | २ | | |
| ५ | IEMIS व्यवस्थापन | | | | | १२ | १२ | | |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

## (तीनै तहका सरकारको संस्थागत संरचना, क्षमता विकास र अन्तर सम्बन्ध)

### ५.१.१ वर्तमान अवस्थाः

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना छैटौं अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दी तेरिज स्वीकृत भएको छ। दुर्गम भेग भएकोले कर्मचारी नियुक्ति भए पश्चात सरूवा भएर अन्यत्र जादाँ गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखामा कर्मचारी अभाव हुने र अन्य शाखामा काम गर्ने कर्मचारीलाई थप जिम्मेवारी दिएर काममा लगाउनु पर्ने अवस्था देखिन्छ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारण गाउँपालिकाले बनाएका ऐन तथा कानुनहरू कार्यान्वयनमा जटिलता थपिएको पाइन्छ।

स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाबाट युवा तथा खेलकुदको जिम्मेवारीको लागि छुट्टै शाखा बनाउनु पर्ने देखिन्छ भने जिल्ला तहमा प्रदेश सरकारको शिक्षा हेर्ने कुनै संरचना स्थापना गर्नु पर्ने देखिन्छ। जिल्ला तहमा रहेको शिक्षा विकास तथा समन्वय इकाईको जिम्मेवारी केहि थप गरी संविधानको मर्म अनुसार शिक्षालाई तीनै तहका सरकारको साझा कर्तव्य रूपमा स्थापित गर्नु पर्ने देखिन्छ।

### ५.१.२ उद्देश्यः

- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

### ५.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ
- कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं ३० संस्थागत संरचना र क्षमता विकाससँग सम्बन्धित प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | | संघ, प्रदेश, स्थानीय |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | तहगत | ३ | ३ | ३ | ३ | ३ | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | विद्यालयमा विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | | |

✠

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जबाफदेहीपनि, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरूलाई जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकोले आ आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र

स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुगमन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्थाः

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना छैटौं अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दी तेरिजमा स्वीकृत गरिएको छ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमति बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्। विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धि पूर्ण तरिकाले काम गरेको देखिदैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ६.१.२ उद्देश्यः

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धित उद्देश्य

१. स्थानी तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु

२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ६.१.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि गाउँपालिकाले अपनाउने रणनीति

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने

२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने

४. शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने

६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ

२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं३१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास सम्बन्धी प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | | | | १ | १ | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | | | | १ | १ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | | | | १ | १ | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | | | | | | | |
| ५ | विद्यालय कार्यसम्पादनएवम् स्व मूल्याङ्कन गर्ने, गराउने | विद्यालय | | | | १२ | १२ | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्थाः

यस गाउँपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वयन गर्नेछ। स्थानीय तह र विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिईएको छ। प्रत्येक विद्यालयले र गाउँपालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन। कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध गाउँपालिकाको शिक्षा शाखाले गर्नेछ।

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा गाउँपालिका स्तरीय, वडा स्तरीय अनुगमन समिति र विद्यालय तहमा वि. व्य.

स. र प्र. अ. को नेतृत्वमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ। विद्यालय अनुगमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनुगमन, सुपरिवेक्षण, निरीक्षण गर्नेछन्। अनुगमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनुकरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ।

### ६.२.२ उद्देश्यः

योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु

### ६.२.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने

६. विद्यालय सुधार योजना (**SIP**) निर्माण तथा अद्यावधिक गर्न लगाउने

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने छ।

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं ३२ शिक्षा योजना कार्यान्वयनको प्रबन्धसँग सम्बन्धित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | | | | १ | १ | | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | | | | १२ | १२ | | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सदृढीकरण | विद्यालय | | | | १३ | १३ | | |

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ। समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने ससर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ। स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋणसमेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापका लागि बजेट अनुमान, प्रक्षेपण, स्रोतको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ। स्रोतहरूको पहिचान र विश्लेषण गर्दा सङ्घीय सरकार, प्रदेश सरकार, गाउँपालिका र अन्य सङ्घ संस्थाबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यक्रमहरूको प्रस्ताव तथा प्राथमिकीकरण गरिएको छ ।

### ७.१.१ वर्तमान अवस्था:

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने सैद्धान्तिक रुपमा राजनितिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ । सबैको धारणा बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनितिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

**शिक्षामा राज्यको लगानीको अवस्था**

नेपालमा वि.सं. २०४९।५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान सँगै आर्थिक वर्ष २०६७।६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि.सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतशित रहेको थियो । विगत एक दशकमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट देहाय अनुसार रहेको छ ।

### ७.१.२ उद्देश्यः

शिक्षामा लगानी र स्रोत व्यवस्थापन सँग सम्बन्धित उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### ७.१.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति

१. गाउँपालिकाले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने

३. वार्षिकरूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने

४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने

७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

### ७.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ

### ७.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं ३३ सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट*

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| **जम्मा** | | **५३००००००** | **५३२३१०००** | **९७६८८५००** | **५१२४२५००** | **५९८०८५५०** | **३१४९७०५५०** |
| १ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | ४४९२००० | ४६०००००० | ४७०००००० | ५०००००० | ५०००००० | ६१५९२००० |
| २ | मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | १०००००० | १२५००० | १५०००० | १७५००० | २००००० | ७५०००० |
| ३ | विद्यालय अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| ४ | सहजकर्ताको पारिश्रमिक तथा सेवा सुविधा | २७५५००० | २७५५००० | ३०३०५०० | ३०३०५०० | ३३३३५५० | १४९०४५५० |
| ५ | विद्यालयमा मापदण्ड अनुसार शिक्षक व्यवस्था | २७७०००००० | ३१०००००० | ३४१०००००० | ३४१०००००० | ३७५१०००० | १६४४१०००० |
| ६ | निशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | १७७८००० | १८१०००० | १८३००० | १९०००० | २००००० | ४१६१००० |
| ७ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास(भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार) | | ७०००००० | ७०००००० | ७०००००० | ७०००००० | २८०००००० |
| ८ | छात्रवृत्ति | ५१६००० | ५२०००० | ५३०००० | ५४०००० | ५५०००० | २६५६००० |
| ९ | छात्राको लागि स्यानिटरी प्याडको व्यवस्था | ७५७००० | ८००००० | ८१०००० | ८२०००० | ८४०००० | ४०२७००० |
| १० | प्रारम्भिक कक्षामा पठन सामग्री सहित बुक कर्नरको व्यवस्था | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| ११ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | १३०००००० | १३०००००० | १३०००००० | १३०००००० | १३०००००० | ६५०००००० |
| १२ | अंग्रेजी गणित विज्ञान शिक्षक शिक्षण सहयोग अनुदान | ३०८२००० | ३०८२००० | ३०८२००० | ३०८२००० | ३०८२००० | १५४१०००० |
| १३ | निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम छपाई तथा पोर्टफोलियो निर्माण | २०००० | २४००० | २८००० | ३०००० | ३२००० | १३४००० |
| १४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग तथा क्षमता विकास तालिम | २०००० | २५००० | २५००० | २५००० | २५००० | १२०००० |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १५ | माध्यमिक तहमा मापदण्ड अनुसार शिक्षक व्यवस्था | २६००००० | २६००००० | २८६०००० | २८६०००० | ३१४६००० | १४०६६००० |
| १६ | शिक्षक पेशागत सहायता प्रणालीको कार्यान्वयन | २०००० | २५००० | २५००० | २५००० | २५००० | १२०००० |
| १७ | राष्ट्रपति शिल्ड प्रतियोगीता | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| १८ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | ७०४००० | ७०४००० | ७०४००० | ७०४००० | ७०४००० | ३५२०००० |
| १९ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन | ८००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ४०००००० |
| २० | शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५८२००० | ५८२००० | ५८२००० | ५८२००० | ५८२००० | २९१०००० |
| २१ | शिक्षक पेसागत सहयोग | २०००० | २५००० | २५००० | २५००० | २५००० | १२०००० |
| २२ | अन्तरक्रियात्मक डिजिटल सामग्रीहरु विभिन्न किसिमका अपाङ्गता भएकाहरुका लागि पनि उपयुक्त हुनेगरी विकास गर्ने | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| २३ | विपद लक्षित वैकल्पिक सिकाइ सहजीकरण | ४५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | ६५००००० |
| २४ | शिक्षण सिकाए एवम् परीक्षा व्यवस्थापन अनुदान | ५३४००० | ५३४००० | ५३४००० | ५३४००० | ५३४००० | २६७०००० |

***तालिका नं३४ प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापहरूमा प्राप्त हुने अनुमानित बजेट***

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १ | माध्यमिक तहमा शिक्षक व्यवस्थापन अनुदान | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | |
| २ | एक विद्यालय एक नर्स कार्यक्रम | १०८००० | १०८००० | १०८००० | १०८००० | १०८००० | |

***तालिका नं३५ आमाछोदिङमो गाउँपालिकाबाट विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट***

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| **जम्मा** | | **१२२६७०००** | **११९८३०००** | **१२५४९५००** | **१२८२४५००** | **१२७९९५००** | **६२४२३५००** |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | ० | ५०००० | ० | ७५००० | ० | १२५००० |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन | ० | ० | ५०००० | ० | ५०००० | १००००० |
| ३ | प्रारम्भिक बालविकास केन्द्रको मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| ४ | समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य तथा लागत साझेदारीका कार्यक्रम सञ्चालन | ० | १००००० | १००००० | १००००० | १००००० | ४००००० |
| ५ | प्रारम्भिक बालबिकासमा अध्ययन गर्ने बालबालिकाको अभिलेखीकरण | ० | २६००० | २६००० | २६००० | २६००० | १०४००० |
| ६ | स्थानीय चित्र समावेश भएको रंगिन सन्दर्भ सामग्री छपाई | ० | ५००००० | ० | १५०००० | ० | ६५०००० |
| ७ | बालविकास सहजकर्ता क्षमता विकास | ० | ७५००० | ७५००० | ७५००० | ७५००० | ३००००० |
| ८ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन र कुपोषण भएका बालबालिकाको लागि आवश्यक पोषणको प्रबन्ध | ० | ४५००० | ४५००० | ४५००० | ४५००० | १८०००० |
| ९ | अपाङ्गता भएका तथा अन्य बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | ० | ३०००० | ३०००० | ३०००० | ३०००० | १२०००० |
| १० | व्यवस्थापन समितिका पदाधिकारी, वर्तमान तथा भावि अभिभावक, प्रधानाध्यापक तथा अन्य सरोकारवालाहरुलाई प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी नियमित अभिमुखिकरण | ० | ५०००० | ५५००० | ६०००० | ६५००० | २३०००० |
| ११ | प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकामा अपाङ्गता भए नभएको पहिचान गरी सहयोग उपलब्ध गराउने र आवश्यकता अनुसार थप सेवा सुविधाको सुनिश्चितता | ० | २५००० | २५००० | २५००० | २५००० | १००००० |
| १२ | न्यूनतम् मापदण्ड अनुसार बालबालिकाको लागि सुरक्षित तथा बालमैत्री, अपाङ्गमैत्री धारा तथा शौचालय मर्मत | ० | २६०००० | २६०००० | २६०००० | २६०००० | १०४०००० |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १३ | महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सीपहरु सिकाउने | ० | २००००० | १९५००० | १९५००० | १९५००० | ७८५००० |
| १४ | प्राराम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण | | ५०००० | ५०००० | ५०००० | ५०००० | २००००० |
| १५ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | | २५००० | २५००० | २५००० | २५००० | १००००० |
| १६ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | २९१५००० | २९१५००० | ३२०६५०० | ३२०६५०० | ३२०६५०० | १५४४९५०० |
| १७ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | | ६०००० | ६०००० | ६०००० | ६०००० | २४०००० |
| १८ | आधारभूत तहमा मापदण्ड अनुसार शिक्षक व्यवस्थाको लागि अनुदान | ३१५०००० | २८०००० | २८०००० | २८०००० | २८०००० | ४२७०००० |
| १९ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास(भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | १७००००० | १२०००० | १२०००० | १२०००० | १२०००० | २१८०००० |
| २० | विद्यालयको कार्यसम्पादन परीक्षण तथा शैक्षिक सूचना बोर्ड स्थापना तथा अद्यावधिक | ५००००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १५००००० |
| २१ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ व्यवहारकुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास कार्यक्रम | | ७५००० | १००००० | १००००० | १००००० | ३७५००० |
| २२ | करेसाबारी तथा बगैचा व्यवस्थापन | ० | २००००० | २००००० | २००००० | २००००० | ८००००० |
| २३ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | | १०००० | १०००० | १०००० | १०००० | ४०००० |
| २४ | आधारभूत तहमा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न परिवारका जेहेन्दार विद्यार्थीका लागि कृषी तथा पशु जन्य उत्पादन मार्फत शैक्षिक | | २५०००० | ३००००० | ३५०००० | ४००००० | १३००००० |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| | सहयोगको लागि आर्थिक सहयोग | | | | | | |
| २५ | प्रारम्भिक कक्षा पढाई कार्यक्रम कार्यान्वयन | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| २६ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| २७ | विद्यालयगत उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | | ६०००० | ६०००० | ६०००० | ६०००० | २४०००० |
| २८ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| २९ | पुस्तकालय व्यवस्थापन | | १२०००० | १२०००० | १२०००० | १२०००० | ४८०००० |
| ३० | विषयगत (गणित, विज्ञान भाषा विषय) प्रयोगशाला | | १२०००० | १२०००० | १२०००० | १२०००० | ४८०००० |
| ३१ | शिक्षकको पेसागत विकास सहयोग तालिम | ५०००० | १००००० | १००००० | १००००० | १००००० | ४५०००० |
| ३२ | शैक्षिक सामग्री तथा विद्यालय प्रशासनिक खर्च | ११७००० | ११७००० | ११७००० | ११७००० | ११७००० | ५८५००० |
| ३३ | आधारभूत तह उत्तिर्ण परीक्षा सञ्चालन | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० |
| ३४ | कक्षा ५ मा उपलब्धी परीक्षण | | १५०००० | १५०००० | १५०००० | १५०००० | ६००००० |
| ३५ | स्थानीय पाठ्यक्रम तथा सन्दर्भ सामग्री निर्माण तथा छपाई | ५००००० | ५००००० | २००००० | २००००० | २००००० | १६००००० |
| ३६ | विद्यालयको भौगोलिक दुरी टाढा भएका बालबालिकाका लागि आवासिय प्रबन्ध | | २००००० | २००००० | २००००० | २००००० | ८००००० |
| ३७ | नि: शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी तथा परिमार्जन | ० | ३०००० | ० | ० | ० | ३०००० |
| ३८ | विद्यालय सेवा क्षेत्रको सीमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरुको भर्नाको सुनिश्चितता गर्ने | ० | ५०००० | ० | ० | ० | ५०००० |
| ३९ | अङ्ग्रेजी,गणित र विज्ञान विषयको सिकाइ उपलब्धी वृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालन सहयोग | ० | ४५०००० | ४८०००० | ५२५००० | ५७०००० | २०२५००० |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| ४० | माध्यमिक विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास( भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी,खेलमैदान,घेराबार निर्माण तथा मर्मत | ६५०००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २६५०००० |
| ४१ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (कक्षा ९-११) | | १५०००० | १५०००० | १५०००० | १५०००० | ६००००० |
| ४२ | प्रविधि तथा व्यवहारकुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास कार्यक्रम | | १००००० | १००००० | १००००० | १००००० | ४००००० |
| ४३ | विद्यालय उत्थानशील योजना निर्माण तथा अद्यावधिक माध्यमिक तह | | ३०००० | ३०००० | ३०००० | ३०००० | १२०००० |
| ४४ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | ५००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ४५००००० |
| ४५ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | ३०००० | ३०००० | ३०००० | ३०००० | १२०००० |
| ४६ | अपाङ्गताभएका विद्यार्थीलाई सहयोग | | १०००० | १०००० | १०००० | १०००० | ४०००० |
| ४७ | माध्यमिक तहमा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न परिवारका जेहेन्दार विद्यार्थीका लागि कृषी तथा पशु जन्य उत्पादन मार्फत शैक्षिक सहयोगको लागि आर्थिक सहयोग | ० | १००००० | १००००० | १००००० | १००००० | ४००००० |
| ४८ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | ६०००० | ७५००० | ७५००० | ७५००० | ७५००० | ३६०००० |
| ४९ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना तथा अद्यावधिक | ० | ७५००० | ७५००० | ७५००० | ७५००० | ३००००० |
| ५० | प्राविधिक शिक्षा व्यवसायिक तालिम सम्बन्धी कार्यक्रम सञ्चालन | ० | ० | १०००००० | १०००००० | १०००००० | ३०००००० |
| ५१ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० |
| ५२ | सिकाईका लागि सामूदायिक सिकाइ केन्द्र कार्यक्रम सञ्चालन | | १००००० | १००००० | १००००० | १००००० | ४००००० |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| ५३ | अतिरिक्त क्रियाकलाप सञ्चालन | १५०००० | २००००० | २००००० | २००००० | २००००० | ९५०००० |
| ५४ | शिक्षक पेसागत सहयोग | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| ५५ | प्रशंसा तथा प्रोत्साहन कार्यक्रम | २००००० | २००००० | २००००० | २००००० | २००००० | १०००००० |
| ५६ | परीक्षण, अध्ययन अवलोकन तथा अनुसन्धान | १२५००० | २००००० | २५०००० | २५०००० | ३००००० | ११२५००० |
| ५७ | आवधिक समीक्षा तथा प्रतिवेदन | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| ५८ | **IEMIS** शुद्धिकरण तथा अद्यावधिक | | ५०००० | ५०००० | ५०००० | ५०००० | २००००० |
| ५९ | **Digital Learning Platform** हरूको पहुँच विस्तार गर्ने | | २०००० | २०००० | २०००० | २०००० | ८०००० |

✠

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिका बारेमा जानकारी गराउँछ ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनका चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र पूर्ण उत्तरदायी बनाउन सहयोग गर्छन् । नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विभिन्न प्रतिबद्धता अनुरूप गाउँपालिकाले शिक्षा योजनाको अनुगमन गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको कार्यान्वयनको प्रगति, दिगो विकास लक्ष्य सन् २०३० को प्रगति तथा विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकको प्रगतिको समेत अनुगमन गरिनेछ ।

### ८.१ वर्तमान अवस्थाः

यस गाउँपालिकाले शिलामा लगानी बढाउनका साथै यसको कार्यान्वयन पक्षलाई सशक्त बनाउन प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा गाउँपालिकाको उपाध्यक्षको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति यस गाउँपालिकामा गठन भएको छ । शिक्षा सम्बन्धी कार्यक्रमहरूको सञ्चालन कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा गाउँ शिक्षा समिति गठन भएको छ यद्यपि यस समितिको सक्रियता कम भएको पाइन्छ ।

यसका अतिरिक्त शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखद्वारा आवश्यकतानुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ ।

यसका साथै माध्यमिक तहमा अध्यापनरत विभिन्न विषयका विज्ञहरूबाट कक्षा अवलोकन गर्ने कार्य विगतका वर्षहरूमा भएको पाइन्छ । यसका साथै विद्यार्थीको नतिजामा सुधार गर्ने उद्देश्य अनुरूप कक्षा ८ को परीक्षाको एउटै केन्द्र बनाई सञ्चालन हुने गरेको छ । जसले परीक्षा अनुगमनमा प्रभावकारिता वृद्धि भएको छ ।

### ८.२ उद्देश्यः

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

### ८.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले अपनाउने रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने

२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने

३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने

४. कक्षाकोठाको सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने

५. विद्यालय तथा शिक्षकको सुपरिवेक्षण तथा पेसागत सहयोगको संयन्त्रको व्यवस्था र सुदृढीकरण गर्ने

६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने

७. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन, २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी गाउँपालिकामा पेस गर्ने

### ८.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

### नतिजा

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तालिका नं ३६ अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अनगुमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | | | | | १ | १ | २ | |
| २ | नतिजामा आधारित अनगुमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | | | | १ | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | | | | ४ | ४ | ८ | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | | | | १ | १ | २ | |
| ५ | अनिवार्य तथा  निशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | | | | १ | १ | २ | |